http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

आन्तरिक राजस्व विभागको प्रकाशन

वर्ष २, अङ्क १०, २०७१ चैत  Vol 2, Issue 10, April 2015

## राजस्व संकलन १६ प्रतिशतले वृद्धि

काठमाडौं । आर्थिक वर्ष २०७१/०७२ फागुन मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा करिव १६ प्रतिशतले वृद्धि भएको आन्तरिक राजस्व विभागमा चैत ९ गते आयोजित मासिक समीक्षा कार्यक्रममा प्रस्तुत गरिएको छ। आर्थिक वर्ष २०७१/०७२ को फागुन महिनासम्मको

Sector wise Revenue Collection (upto 2071 Falgun)

| Sector | Target (Rs bn) | Collection (Rs. bn) | Achieve-ment (%) | Growth Rate (%) |
|---|---|---|---|---|
| Income Tax | 40.72 | 42.12 | 103 | 18 |
| Rental Income Tax | 3.34 | 1.62 | 48 | 14 |
| Interest Income Tax | 5.38 | 4.30 | 80 | 1 |
| Total Income Tax | 49.45 | 48.05 | 97 | 16 |
| VAT (domestic) | 25.22 | 24.77 | 98 | 18 |
| Excise (domestic) | 19.57 | 18.20 | 93 | 12 |
| Education Service Fee | 0.34 | 0.31 | 92 | 5 |
| Health Service Tax | 0.32 | 0.38 | 119 | 36 |
| Grand Total | 94.90 | 91.71 | 97 | 16 |

Deficit in collection: Rs 3.19 bn

राजस्व संकलनको लक्ष्य रु. ९४ अर्व ९० करोड ६३ लाख रहेकोमा रु. ९१ अर्व ७१ करोड ४४ लाख ५ हजार संकलन भई लक्ष्यको तुलनामा ९७ प्रतिशतको प्रगति भएको छ। शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. ४८ अर्व ४ करोड ९८ लाख ४९ हजार, मूल्य अभिवृद्धि कर रु. २४ अर्व ७६ करोड ९८ लाख २५ हजार र अन्तःशुल्क तर्फ रु. १८ अर्व २० करोड २३ लाख ६४ हजार संकलन भएको छ।

बाँकी ८ पेजमा....

## राजस्व सचिवद्वारा विभागको निरीक्षण



राजस्व सचिव श्री नवराज भण्डारीलाई स्वागत गर्नुहुंदै महानिर्देशक श्री चुडामणि शर्मा र कर्मचारीलाई निर्देशन दिनुहुंदै राजस्व सचिव श्री नवराज भण्डारी

काठमाडौं । राजस्व सचिव श्री नवराज भण्डारीले आन्तरिक राजस्व विभागको निरीक्षण भ्रमण गर्नु भएको छ । निरीक्षण भ्रमणपछि विभागमा कर प्रशासकहरूसँग अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा श्री भण्डारीले लामो समय कर प्रशासनमै आफू कार्यरत रहेकोले यसका सवल र दुर्वल पक्षका वारेमा आफू जानकार रहेको बताउनुभयो । दुई दशक अघिसम्म कम्प्यूटरको माध्यमबाट काम गर्न यति सजिलो होला भन्ने कल्पना पनि गर्न सकिएको थिएन भन्नुहुँदै ढड्डा लिएर काम गर्ने त्यो अवस्थाको कर प्रशासन अहिले नमुनाका रूपमा विकास भएको जानकारी दिनुभयो । ICT मा सुधार गर्नका लागि विजनेशको प्रकृतिका वारेमा पनि जानकारी हुनुपर्ने बताउनुहुँदै यसलाई सुधार्दै लैजानु पर्ने उहाँले बताउनुभयो ।

राजस्व प्रशासनको छवि उच्च राख्न निर्देशन दिनुहुँदै कार्यालयहरूले समय सापेक्ष लजिकल रूपमा राखेका समस्या विभागले सुनिदिन आग्रह गर्नुभयो। राजस्व प्रशासनमा राम्रो काम गर्नेको मूल्यांकन हुने तथा गल्ती र बदमासी गर्नेलाई विभागले अनुगमन, मूल्यांकनका क्रममा कारवाही गर्न पनि निर्देशन दिनुभयो। स्रोत साधनमा मन्त्रालयको तर्फबाट कुनै कमी हुन नदिने बताउनुहुँदै श्री भण्डारीले कर्मचारीलाई विषयगत तालिम दिन सके अपेक्षा गरिएको कार्य सम्पादन हुने उहाँको भनाइ थियो ।

ठूलो मात्रामा बक्यौता राख्ने करदाताको पहिचान गरी उनीहरूको विवरण मन्त्रालयलाई उपलब्ध गराउन तथा व्यवसायीको खातापाता रोक्का गरेर भए पनि वक्यौता संकलन गर्ने तर्फ लाग्न निर्देशन समेत दिनुभयो । रुग्ण भएका, सम्पर्कमा नभएका, मरिसकेकाहरू व्यवसायीहरुको वास्तविक वक्यौता कार्यालय गत रूपमा पत्ता लगाउन उहाँले आग्रह गर्नुभयो । वर्षभरीमा गरिएको कर परीक्षण लक्ष्यभन्दा कम भएकोमा कर परीक्षणलाई आक्रामक रूपमा लैजान

बाँकी ८ पेजमा....

### ऑखीझ्याल

उत्कृष्ट करदातालाई विभागको सम्मान — पृष्ठ ३

आयोगद्वारा नेपालगञ्जमा सुझाव संकलन — पृष्ठ ६

दुई वर्ष अधिसम्मका सबै कर फछ्र्यौट हुन्छ : महत — पृष्ठ १२



कर छलीको सूचना दिई सचेत नागरिकको परिचय दिऔं ।



# महानिर्देशकको सन्देश

**अबका दिनमा कर प्रशासनमा व्यावसायिकताको विकास गरी प्रभावकारी ढंगले आन्तरिक स्रोतको परिचालनद्वारा समृद्ध, समुन्नत र न्यायपूर्ण नेपाल निर्माणका लागि सबैले आआफ्नो स्थानबाट सक्दो योगदानमा जुट्नु आवश्यक छ। इमान्दारिता, विश्वास र सदाचारिताको प्रवर्द्धन भई हामी सबैमा मुलुकको समुन्नतिको लागि विवेकशील र जिम्मेवार नागरिकको कर्तव्य निर्वाह गर्न ऊर्जा प्राप्त होस् भन्ने कामना समेत गर्दछु।**

मुलुकको अर्थतन्त्र संचालनका लागि आर्थिक स्रोत साधन प्राणवायु एवं मेरुदण्डको रुपमा रहेको हुन्छ। मुलुकको सर्वाङ्गीण विकास र सामाजिक उत्तरदायित्व परिपूर्तिका लागि उपलब्ध स्रोतको प्रभावकारी परिचालन अपरिहार्य हुन्छ।

आन्तरिक राजस्व विभागले आन्तरिक स्रोतको परिचालन गरी समग्र मुलुकमा वितरणात्मक न्याय कायम गर्नुका साथै विकास निर्माणका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्न अहोरात्र लागि परेको व्यहोरा सबैमा विदितै छ।

आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, शिक्षा सेवा मूलक र स्वास्थ्य सेवा करहरुको प्रशासन गरी समाजमा वितरणात्मक न्याय, सामाजिक विकास र स्वस्थ बजार प्रतिस्पर्धा गराउन यस विभागको भूमिका अग्रणी रहँदै आएको छ। आज हामी गहन जिम्मेवारी बोकेर मुलुकको भाग्य र भविष्य निर्माण गर्नका लागि आवश्यक पर्ने आन्तरिक स्रोतको परिचालनमा एकजुट भएर लागेका छौं। यसको लागि निर्धारित गरिएको राजस्व संकलनको लक्ष्य हाम्रो एक मात्र गन्तव्य बनेको छ। यो लक्ष्यलाई प्राप्त गर्नका लागि समग्र कर प्रशासन अग्रगतिका साथ लागि परेको साथै सो सम्बन्धमा विभागले समय समयमा निर्देशन र अनुगमन समेत गर्दै आएको छ।

अबको समय हाम्रा सामु विद्यमान ३ वटा ठूला चुनौती सामना गर्ने समय हो। पहिलो, विगत वर्षदेखि जिम्मेवारी सर्दै आएको बक्यौता व्यवस्थापन हो। यसको लागि वक्यौता भएका करदाताको तथ्यांक अद्यावधिक गरी नियमित निगरानी गर्नका लागि मातहतका कार्यालयमा निर्देशन गरिएको छ। अर्को तर्फ विवादित करको विषयमा सिर्जना भएको बक्यौताको हकमा कर फछ्र्यौट आयोग, २०७१ गठन भई कार्य प्रारम्भ समेत भइसकेको छ।

दोस्रो हाल विद्यमान कर संरचना र प्रणालीमा रहेका अन्यौलता एवं बेमेलको अवस्थालाई चिर्न उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग गठन भई कार्य आरम्भ गरेकोमा हाल प्रतिवेदन पेश गर्ने अवस्थामा रहेको छ।

तेस्रो, लामो समयसम्म विवरण नबुझाई ननफाइलर बस्ने करदाताहरुको वास्तविक तथ्यांक संकलन गरी तिनीहरुको लगत अद्यावधिक गराई आवश्यक कारवाही गर्न निर्देशन गरे अनुसार कार्य आरम्भ समेत भैसकेको छ। अर्को आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर संकलन लक्ष्य पूरा गरी प्रगति हासिल गर्न कार्य योजना सहित कार्यालयहरु लागेका छन्।

कर कानूनको परिपालनामा बढोत्तरी ल्याउन कर लेखापरीक्षण र अनुसन्धानलाई क्षेत्र विशेष र विषयवस्तु केन्द्रित गरी कार्य थालनी गरिएको छ। अबका दिनमा कर प्रशासन करदातामैत्री व्यवहार र सूचना प्रविधिमा आधारित तथ्यपरक कर परीक्षण र अनुसन्धानको माध्यमबाट सही र विवादरहित कर निर्धारणमा कटिबद्ध भएर लाग्नु पर्ने अवस्था छ। यति हुँदा हुदै पनि कहिं कतै नियतवश कमी कमजोरी गर्ने र कर कानूनको परिपालनामा उदासिनता देखाउने करदाता एवं कर प्रशासनमा संलग्न जनशक्तिको निगरानी गरी हदैसम्मको कारवाही गर्ने कुरामा समेत कर प्रशासन पछि नपर्ने व्यहोरा पनि म सम्वद्ध सबैमा जानकारी गराउँछु।

आफ्ना हरेक क्रियाकलाप करदाता मैत्री र लक्ष्य केन्द्रित बनाउन म समग्र कर परिवारलाई आव्हान समेत गर्दछु। करदाता शिक्षा र सचेतनामा जोड दिई दिगो कर प्रणालीको स्थापना आजको आवश्यकता समेत हो। त्यसैले आगामी दिनमा सुस्पष्ट र वस्तुनिष्ट आधारमा तथ्यपरक ढंगले कर लेखा परीक्षण गरी कानुनी परिपालना र संस्थागत सुशासन हासिल गराउन विद्यमान मानव स्रोत साधनको उच्चतम परिचालन जरुरी रहेको छ। यसका लागि 'सबैका लागि तालिम' (Training for All) भन्ने मूल भावनाका साथ विभागले केन्द्रदेखि क्षेत्रसम्म वृहद ढंगले तालिम सञ्चालन गरी कर्मचारीको ज्ञान, सीप र क्षमता अभिवृद्धिमा बढोत्तरी ल्याउने अभिप्रायले कार्य थालनी समेत गरिसकेको छ।

अतः अबका दिनमा कर प्रशासनमा व्यावसायिकताको विकास गरी प्रभावकारी ढंगले आन्तरिक स्रोतको परिचालनद्वारा समृद्ध, समुन्नत र न्यायपूर्ण नेपाल निर्माणका लागि सबैले आआफ्नो स्थानबाट सक्दो योगदानमा जुट्नु आवश्यक छ। इमान्दारिता, विश्वास र सदाचारिताको प्रवर्द्धन भई हामी सबैमा मुलुकको समुन्नतिको लागि विवेकशील र जिम्मेवार नागरिकको कर्तव्य निर्वाह गर्न ऊर्जा प्राप्त होस् भन्ने कामना समेत गर्दछु।

आयको स्वयं घोषणाद्वारा स्वेच्छिक कर सहभागिता अभिवृद्धि गरी राज्य निर्माणमा आ-आफ्नो क्षेत्रबाट जिम्मेवार भई उचित योगदान गर्न म सबै करदातालाई आग्रह गर्दछु।

कर प्रशासनले प्रदान गर्नुपर्ने सेवाको गुणस्तरीयता, कर प्रणालीको कार्यकुशलता तथा प्रभावकारिता अभिवृद्धि तर्फ समग्र हाम्रो प्रयास उद्दत रहेकोमा यसमा अझ बढी निखारता ल्याउन हामी अझ कटिवद्ध भएर लागी पर्ने हो। त्यसैगरी कर कानून र नीतिको कडाइका साथ कार्यान्वयन गर्ने, सूचना प्रविधिको अधिकतम प्रयोगद्वारा विद्युतीय शासन सञ्चालनबाट करदाताको सेवामा समर्पित रही गुणस्तरीय सेवा प्रवाहमा सबैको योगदान आवश्यक हुने भएकोले त्यसतर्फ जिम्मेवार हुन म सिंगो कर परिवार, करदाता र अन्य सरोकारवाला सबैमा सादर अनुरोध गर्दछु।

वैशाख, २०७२

**चुडामणि शर्मा**
महानिर्देशक



व्यक्तिगत आय हुनेले व्यक्तिगत स्थायी लेखा नम्बर लिऔं।

# उत्कृष्ट करदातालाई विभागको सम्मान




काठमाडौं। आन्तरिक राजस्व विभागले चैत ३ गते 'तेस्रो राष्ट्रिय कर दिवस २०७१' को उपलक्ष्यमा मातहतका कार्यालयका तर्फबाट उत्कृष्ट हुने करदाताहरूलाई सम्मान गरेको छ। (हेर्नुहोस् तालिका) कार्यक्रमको शुरुवात आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा र नेपाल उद्योग वाणिज्य महासंघका तत्कालिन अध्यक्ष श्री प्रदीपराज पाण्डेले संयुक्त रूपमा पानसमा बत्ती बालेर उद्घाटन गर्नु भएको थियो।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले कर प्रशासनमा व्यवसायीको सार्थक सहभागिता बढेकोमा कर प्रशासनको अपेक्षा पूरा भएको बताउनु हुँदै 'करदातामैत्री कर प्रशासन, समृद्धि र सुशासन हाम्रो अभियान' भन्ने मूल नारालाई आदर्श र मूल मन्त्रका रूपमा लिएको विभागले कसरी मुलुकलाई करदातामैत्री र समृद्ध बनाउन सकिन्छ भनेर लागि परेको बताउनुभयो।

करदातालाई करको माध्यमबाट देश विकास र मातृभूमि निर्माण गर्ने अवसरका रूपमा भूमिका निर्वाह गर्ने सम्बन्धमा सचेतना जगाउन जरुरी रहेको महानिर्देशक श्री शर्माको भनाइ थियो। मुलुकको विकास, राज्यभित्र शान्ति सुरक्षा, अमन चयन र सुशासन कायम गर्ने मुख्य

## आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयबाट सम्मानित व्यक्ति तथा संस्थाहरू

| | | |
|---|---|---|
| १ | आ.रा.का. काठमाण्डौं क्षेत्र नं. १ | १. ईन्भेष्टमेन्ट एण्ड फाइनान्स क.लि. |
| | | २. एपेक्स कलेज प्रा.लि. |
| | कर्मचारी | डा.इ.सु. श्री सुरेशराज सापकोटा |
| २ | आ.रा.का. काठमाण्डौं क्षेत्र नं. २ | १. नेपाल धितोपत्र विनिमय बजार लि. |
| | | २. नेपाल एक्सप्रेस फाइनान्स लि. |
| | | ३. नवकार इन्टरनेशनल |
| | कर्मचारी | डा.इ.सु. श्री द्रोणराज निरौला |
| ३ | आ.रा.का. काठमाण्डौं क्षेत्र नं. ३ | १. होटल शंकर प्रा.लि. |
| | | २. सिवेक हस्पिटल प्रा.लि. |
| | | ३. गौतम श्री बहुउद्देश्यीय सहकारी संस्था लि. |
| | | ४. हिमालयन इन्काउन्टर्स प्रा.लि. |
| | | ५. डि.बि. ट्रेड कन्सर्न |
| | | ६. सुर्यचन्द्र कन्स्ट्रक्सन कम्पनी प्रा.लि. |
| | | ७. सदा ज्योती समलायर्स |
| | | ८. ट्रोइका ट्रेडर्स प्रा.लि. |
| | कर्मचारी | सूचना प्रविधि अधिकृत थानेश्वर पनेरू |
| ४ | आ.रा.का.ललितपुर | १. रातो बंगला स्कूल प्रा.लि. |
| | | २. मानुषी प्रा.लि. |
| | | ३. साइबा मेडिकल सेन्टर |
| | कर्मचारी | ना.सु. विनोद चालिसे |
| ५ | आ.रा.का भक्तपुर | १. कन्ट्रि डेभलपमेन्ट बैंक लि. बनेपा |
| | | २. विकास सर्जिकल कन्सर्न प्रा.लि. भक्तपुर |
| | | ३. नविन स्टोर्स |
| | | ४. जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि. चरिकोट |
| | | ५. सिन्धु मार्केटिङ सप्लायर्स |
| | कर्मचारी | का.स. गोपाल श्रेष्ठ |
| ६ | करदाता सेवा कार्यालय, पुतलीसडक | १. प्राइस वाटर कुपर्स प्रा.लि. |
| | | २. कन्सेप्ट डेभलपर्स प्रा.लि. |
| | | ३. नेशनल बैंकिङ इन्स्टिच्युट लि. |
| | कर्मचारी | कर अधिकृत गणेश नेपाल |
| ७ | करदाता सेवा कार्यालय, बानेश्वर | १. डेल्टा कोर प्रा.लि. |
| | | २. देवेन्द्र प्रसाद ज्ञवाली |
| | | ३. एस हाईयर सेकेन्डेरी स्कुल लि. |
| | कर्मचारी | कर अधिकृत तिर्था निरौला |
| ८ | करदाता सेवा कार्यालय, बत्तीसपुतली | १. बसुन्धारा इम्पोर्ट |
| | | २. भोजन गृह प्रा.लि. |
| | | ३. विनायक कलेज अफ हेल्थ साइन्स प्र.लि. |
| | कर्मचारी | कर अधिकृत उद्धवप्रसाद भट्टराई |
| ९ | करदाता सेवा कार्यालय, चावहिल | १. श्री अल खलिज मेडिकल सेन्टर प्रा.लि. |
| | | २. आव्हान बहुउद्देश्यीय सहकारी संस्था लि. |
| | | ३. श्री चावहिल सेन्ट्रल कम्प्लेक्स |
| | | ४. डा. आनन्द प्रसाद श्रेष्ठ |
| | कर्मचारी | का.स. ऋषिकेश बोहोरा |
| १० | करदाता सेवा कार्यालय, कोटेश्वर | १. सहकाली बचत तथा ऋण सहकारी संस्था लि. |
| | | २. पारामाउण्ड कार्पेट उद्योग प्रा.लि. |
| | | ३. ह्वाइट ब्रिज इन्टरनेशनल एक्स्पोर्ट एण्ड इमर्पोट प्रा.लि. |
| | कर्मचारी | ना.सु. लुटबहादुर बुढाथोकी |
| ११ | करदाता सेवा कार्यालय, त्रिपुरेश्वर | १. डा. निराकारमान श्रेष्ठ |
| | | २. नेपाल लायन वहुउद्देश्यीय सहकारी संस्था लि. |
| | | ३. कफी क्लव प्रा.लि. |
| | कर्मचारी | डा.इ.सु. श्याम रिजाल |
| १२ | करदाता सेवा कार्यालय, न्यूरोड | १. आशा बचत तथा ऋण सहकारी संस्था लि. |
| | | २. नेप ईन्टरनेशनल प्रा.लि. |
| | | ३. हार्दिक वहुउद्देश्यीय सहकारी संस्था लि. |
| | कर्मचारी | ना.सु. सुरेश ढुंगेल |
| १३ | करदाता सेवा कार्यालय, ठमेल | १. पोटाला गेष्ट हाउस |
| | | २. संभना बहुमुखी सहकारी संस्था लि. |
| | | ३. एम के पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स |
| | कर्मचारी | ना.सु. केशवप्रसाद घिमिरे |
| १४ | करदाता सेवा कार्यालय, टंगाल | १. दृष्टी टेक प्रा.लि. |
| | | २. हिमालयन मार्केटिङ |
| | | ३. एडवक्स प्रा.लि. |
| | कर्मचारी | कर अधिकृत ललिता ज्ञवाली |
| १५ | करदाता सेवा कार्यालय, महाराजगंज | १. श्री ठमेल बचत तथा ऋण सहकारी संस्था लि. |
| | | २. श्री मेटेरियल टेस्ट प्रा.लि. |
| | | ३. श्री दि स्क्रिन हस्पिटल एण्ड रिसर्च प्रा.लि. |
| | कर्मचारी | ना.सु. दामोदर प्रसाद ज्ञवाली |
| १६ | करदाता सेवा कार्यालय, बालाजु | १. हाम्रो विकास बैंक |
| | | २. सिमर्ग ईन्टरनेशनल प्रा.लि. |
| | | ३. जि.एम. कन्स्ट्रक्सन प्रा.लि. |
| | | ४. गणेश कुण्ड कन्स्ट्रकसन |
| | | ५. थोका ब्रदर्श सप्लायर्स |
| | | ६ ज्ञान न्यौपाने, धुन्चे ५, रसुवा (कर अभियन्ताको रुपमा) |
| | | ७ उद्योग वाणिज्य संघ नुवाकोट (कर सचेतना कार्य गरेको) |
| | कर्मचारी | का.स. ठाकुर प्रसाद रिजाल |
| १७ | करदाता सेवा कार्यालय, कलंकी | १. कर्मा केमिकल्स कम्पनी प्रा.लि. |
| | | २. स्यूचाटार बचत तथा ऋण सहकारी संस्था लि. |
| | | ३. कला इन्टरनेशनल प्रा.लि. |
| | कर्मचारी | कर अधिकृत पूर्णबहादुर बराम |
| १८ | करदाता सेवा कार्यालय, कालीमाटी | १. काठमाण्डौं वर्नहार्ट एजुकेशन फाउन्डेशन प्रा.लि. |
| | | २. अैचो पैंचो बचत तथा ऋण सहकारी संस्था लि. |
| | | ३. साकारो फरमेन्टेड विभरेज प्रा.लि. |
| | कर्मचारी | कर अधिकृत हेमराज जोशी |
| १९ | श्री ठुला करदाता कार्यालय | कर्मचारी श्री रविन्द्रकृष्ण श्रेष्ठ कम्प्युटर अधिकृत |
| | जम्मा | |



कार्यक्रममा उपस्थित कर्मचारी तथा व्यवसायीहरु

स्रोत नै कर भएको बताउनुहुँदै सम्मानित सवै करदाता र कर्मचारीको कर्तव्य अझै प्रभावकारी भएर अघि बढोस् भन्ने शुभकामना दिनुभयो । विभागको तर्फबाट व्यवसायीलाई कुनै सहयोगको आवश्यकता भए आफूले गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

अहिले करका दरहरूलाई घटाएर दायरा विस्तार गर्नुपर्छ भनेर राज्य कर प्रणाली सुधारमा लागेको बताउनुभयो । कर सहभागितालाई सरलीकरण गर्नका लागि कर प्रशासनले २०५० सालदेखि नै उदारीकृत भएर अघि बढेको जानकारी दिनुहुँदै दोहोरो करको मारमा परेका व्यवसायीका लागि पनि विभागले सुनुवाई गर्ने प्रयास गरेको बताउनुभयो ।

मुलुकको कूल जनसंख्याको साँढे ४ प्रतिशत जनता करमा सहभागिता भएको बताउनुहुँदै मुलुकको कूल ग्राहस्थ उत्पादन ११ प्रतिशतबाट १८ प्रतिशतमा पुगेकोले कर राजस्वको हिस्सा वृद्धि हुँदै गएको प्रष्ट पार्नुभयो । कूल बजेटमा राजस्वको हिस्सा बढ्दै गएको बताउनुहुँदै विदेशी परनिर्भरता घट्दै गएको र आन्तरिक स्रोत साधनको परिचालनमा वृद्धि हुँदै गएकाले मुलुकको अर्थतन्त्र सवल हुँदै गएको बताउनुभयो ।

अन्तर्राष्ट्रिय अभ्यास अनुसार नै कर कानुनमा परिमार्जन गर्दै गएको बताउनुहुँदै ४५ जिल्लामा कर प्रशासनको संरचना नभएकाले कर प्रशासनलाई जनस्तरसम्म पुऱ्याउनु पर्छ भनेर त्यसलाई विस्तार गर्ने अभियानमा विभाग लागि परेको जानकारी दिनुभयो ।

कर प्रशासनले आधुनिक प्रविधिलाई



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै महानिर्देशक शर्मा

अवलम्बन गर्दै गएको बताउनुहुँदै इ पेमेण्टको लागि आफूहरू प्रयासरत रहेको जानकारी दिनुभयो । करको दायरामा नआई कारोवार गर्ने कार्य कानुनी रुपमा दण्डनीय भएकोले सवै व्यवसायीहरुलाई करको दायरामा आएर मात्र कारोवार गर्न आग्रह गर्नुहुँदै करको दायरामा आएर पनि समयमा कर नतिरी वक्यौता राख्ने करदाताहरुको लागि सरकारले हालै कर फछ्यौंट आयोग गठन गरेको जानकारी दिनुहुँदै करदाताको सामर्थ्य, करदाताको वर्तमान अवस्थालाई हेरेर आयोगले निर्णय गर्ने बताउनुभयो ।

कर प्रशासनले करदातालाई केन्द्रविन्दूमा राखेर व्यवहार गर्नुपर्ने बताउनुहुँदै अनुगमनको शैली सुधारोन्मुख हुनुपर्ने बताउनुभयो । आन्तरिक राजस्व विभागको तर्फबाट इमान्दार व्यवसायीको सूची प्रकाशित गरी करदाताको सम्मान र कम्तिमा ५ वर्षका लागि उसको कर परीक्षण नगर्ने सहुलियत दिने तयारीमा आफूहरू लागि परेको बताउनुभयो । यसले कर प्रशासन र करदाताको कार्यबोझमा कमी आउने उहाँको भनाइ थियो ।

त्यस्तै, कर फछ्यौंट आयोगका अध्यक्ष श्री एलडी महतले कर फछ्यौंट आयोग गठन भएको जानकारी दिनुहुँदै, करको प्रणालीमा भएका त्रुटि, व्यवसायी र कर प्रशासनबीच भएका विवादहरूको समाधान आयोगले गर्ने बताउनुभयो । २०७० साल असार मसान्तसम्म विवादित भएका करहरू आयोगको कार्यक्षेत्र भित्र पर्ने जानकारी दिनुहुँदै कर सम्बन्धी बक्यौता वा व्यवसायीको जे जति समस्या छन्, ती आयोगबाट समस्या समाधान हुने बताउनुहुँदै सहमतिबाटै कर निर्धारण हुने जानकारी दिनुभयो । कर प्रशासन र व्यवसायीबीच के कति कारणले विवादित भयो र आगामी दिनमा कसरी समाधान गर्न सक्छौं भनेर सरकारलाई प्रतिवेदन समेत आफूहरूले बुझाउने जानकारी दिनुभयो ।

उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगका अध्यक्ष डा. रूपबहादुर खड्काले करदातालाई सम्मान गर्ने जुन परम्पराको थालनी गरिएको छ । त्यसले करदातालाई उत्साहित बनाउने बताउनुभयो । करदाता शिक्षालाई अझै विस्तृत रूपमा लैजानुपर्ने बताउनुहुँदै कर परीक्षण, कर फिर्ता जस्ता कार्यमा राम्रो काम गर्नेको कर फिर्ता सजिलै हुने बताउनुभयो । सामाजिक सुरक्षाका विषयमा राज्यले जति बढी लगानी गर्न सक्यो कर सहभागिता उति नै बढ्ने उहाँको भनाई थियो । कर नीति, कर कानुन, प्रशासनिक पक्ष, कर प्रणाली, सुधार आदिका विषयलाई कसरी सवल र सक्षम बनाउन सकिन्छ भनेर सरकारले कर प्रणाली पुनरावलोकन आयोग गठन गरेको बताउनुहुँदै केही सुझाव भए आयोगलाई उपलब्ध गराउन अनुरोध गर्नुभयो ।

आन्तरिक राजस्व विभागका उप महानिर्देशक श्री राममणि दुवाडीले सम्मानित हुने करदाताले लगनशील र इमान्दार भएर व्यवसाय गरेकै कारण उत्कृष्ट भएको जानकारी दिनुहुँदै कर प्रशासन दश वर्षदेखि स्वयंकर घोषणामा आधारित रहेको जानकारी दिनुभयो । तपाइहरूले हिडेको बाटो उत्कृष्ट र अरुको लागि नमूना बनोस् भन्नुहुँदै अरुलाई


अवैध मदिराको कारोवार तथा उपभोग कहिल्यै नगरौं ।





महानिर्देशक श्री चुडामणि शर्माद्वारा व्यवसायी तथा कर्मचारीलाई पुरस्कृत गर्नुहुँदै

पनि आफ्नो बाटोमा हिड्न प्रेरणा दिनुहुनेछ भन्ने विभागले अपेक्षा गरेको बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका तत्कालिन अध्यक्ष श्री प्रदीपजंग पाण्डेले राज्यले सही गति लिनका लागि अग्रसर भएको बताउनुहुँदै राज्य संचालनका लागि कर महत्वपूर्ण हुने जानकारी दिनुभयो । आन्तरिक राजस्व विभाग क्रियाशिल र सक्षम भएर अघि बढ्नु पर्ने बताउनुहुँदै राज्यले महासंघको सुझावलाई अवलम्बन गर्दै गएको जानकारी दिनुभयो । अन्तर्राष्ट्रिय स्तरमा करमा धेरै परिवर्तन आइसकेकोले कर प्रणालीमा व्यापक सुधारको खाँचो रहेको बताउनुभयो । उच्च स्तरीय कर प्रणाली पुनरावलोकन आयोगबाट देशभर सुझाव संकलन गर्ने कार्य भएकोमा महासंघले सकारात्मक रूपमा लिएको र निजी क्षेत्रको विश्वास आन्तरिक राजस्व विभागले लिनुपर्ने बताउनुभयो । करदातामैत्री कर प्रशासनको खाँचो रहेको बताउनुहुँदै सम्मानित करदाताले अरु बढी जिम्मेवारी बहन गर्नुपर्ने औंल्याउनुभयो । देशको कुना काप्चामा व्यवसायी जन्माउन सक्नुपर्छ भन्नुहुँदै सकारात्मक सोच लिएर अघि बढौं, सफलता प्राप्त गर्न सकिन्छ उहाँले भन्नुभयो । कर प्रशासन र व्यवसायी दुवैको जित भए मात्र राज्यको जित हुने बताउनुहुँदै २०२२ मा विकाशसिल मुलुकमा स्तरोन्नति हुनका लागि करमा पुनरावलोकन हुन जरुरी रहेको जानकारी दिनुभयो ।

नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष राजेशकाजी श्रेष्ठले करको दायराभन्दा बाहिरका करदातालाई दायरामा ल्याउनु पर्ने बताउनुहुँदै आगामी वर्ष सम्मानित हुने करदाताहरूको संख्या अझै बढ्नुपर्छ भन्ने उहाँको भनाइ थियो । करदाता शिक्षामा जोड दिनुहुँदै, जसले करकानुनको पालना गरिरहेको छ उसको लागि राज्यले सम्मान गर्छ भन्ने सन्देश गएको बताउनुभयो । दायरामा नआएकालाई कर तिरौं तिरौं लाग्ने वातावरण बनाउन, कर कार्यालय र व्यवसायीबीच सम्बन्ध सुमधुर होस् भन्ने कामना गर्नुभयो ।

बैंकर्स एशोसिएसनका अध्यक्ष श्री उपेन्द्र पौडेलले करदातालाई सम्मान गर्ने परम्पराले व्यवसायमा उत्साह थपिएको बताउनुहुँदै नेपालको कर प्रशासनको भविष्य उज्वल रहेको बताउनुभयो । देश विकासका लागि राज्यले खर्च गर्नुपर्ने र त्यो राज्यले करबाट नै संकलन गर्ने भएकाले राज्यलाई कर तिर्नु करदाताको दायित्व भएको उहाँको भनाइ थियो ।

करदाता सेवा कार्यालय चावहिलको तर्फबाट सम्मानित भएका डा. आनन्दप्रसाद श्रेष्ठले सम्मानित भएर देश विकासको अभियानमा केही भूमिका निर्वाह गर्न पाएकोमा आफू हर्षित भएको बताउनुभयो । आफूहरूको मनोबल बढाउने र उत्साह थप्ने काम कर प्रशासनले गरेकोले आगामी दिनमा पनि राज्यलाई कर तिरे वापत आफूहरूको भविष्यको सामाजिक सुरक्षामा राज्यले सोचिदिनुपर्ने उहाँको भनाइ थियो । सूचना प्रविधिको माध्यमबाट कर तिर्न सजिलो भएको जानकारी दिनुहुँदै करलाई समयानुकूल परिमार्जन गर्दै लैजानु पर्ने विषयमा जोड दिनु भएको थियो । विगतमा करमा जान व्यवसायी डराउने गरेकोमा अहिले त्यसमा सुधार भएको बताउनुभयो ।

पुरस्कृत कर्मचारीको तर्फबाट श्री पूर्णबहादुर बलामीले कर प्रशासन सबल हुनुमा प्रमुख कर अधिकृत र आन्तरिक राजस्व विभागका महानिर्देशकको उत्तिकै भूमिका रहेको बताउनुभयो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशकहरू श्री लक्ष्मीप्रसाद यादव, श्री अर्जुनप्रसाद पोखरेल, श्री चन्द्रकला पौडेल, उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगका सदस्यहरू श्री माधवप्रसाद ढकाल, सुदर्शनराज पाण्डे, कर फछ्र्यौट आयोगका सदस्य श्री उमेश ढकाल र विभागका निर्देशकहरू र काठमाडौंस्थित कर कार्यालयका प्रमुखहरूको उपस्थिति रहेको थियो ।

वर्ष २, अङ्क १०, २०७१ चैत Vol 2, Issue 10, April 2015

# आयोगद्वारा नेपालगञ्जमा सुझाव संकलन




नेपालगञ्जमा आयोजित कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्मा, कर फछ्र्यौट आयोगका अध्यक्ष श्री एलडी महत, उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगका अध्यक्ष डा. रुपबहादुर खड्का लगायत अन्य पदाधिकारी र पुरस्कृत व्यवसायी तथा कर्मचारीहरु

काठमाडौं । उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग र कर फस्छ्यौंट आयोगले चैत १३ गते नेपालगन्ज उद्योग वाणिज्य महासघं लगायत त्यस क्षेत्रका उद्योगी व्यवसायीसँग संयुक्त रुपमा अन्तर्क्रिया कार्यक्रम गरेको छ । कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले विद्यमान कर प्रणालीमा सुधार गर्न उच्चस्तरीय कर प्रणाली पुनरवलोकन आयोग गठन भएको बताउनुभयो । कर प्रणाली समग्र रूपमा सुधार गर्नका लागि सरकारले आयोग गठन गरेको जानकारी दिनुहुँदै यथा समयमै सुझाव उपलव्ध गराउन आग्रह गर्नुभयो । कर प्रणालीका केही विषयमा परिमार्जन गर्नुपर्ने भए तापनि पछिल्लो समयमा धेरै सुधार आएको उहाँको भनाई थियो ।

मुलुकको बजेटमा एक दशक अघि राजस्वबाट ५० प्रतिशत हिस्सा रहेकोमा त्यो बढेर अहिले ७० प्रतिशत पुग्नुको पछाडि आन्तरिक रूपमा आर्थिक गतिविधि बढेको उहाँको भनाइ थियो । एक दशक अघि कूल ग्राहस्थ उत्पादनमा करको हिस्सा ११-१२ प्रतिशत रहेकोमा त्यो बढेर १९-२० प्रतिशत पुग्नु करदाता र कर व्यवस्थापन शिक्षित बन्दै संकेत भएको बताउनुभयो । करको दर घटाउने र दायरा विस्तार गर्ने अभियानमा सरकार अघि बढेको जानकारी दिनुहुँदै करदाताले गरेका अपेक्षाहरू कर प्रशासनले पूरा गर्ने बताउनुभयो । कूल जनसंख्याको सांढे ४ प्रतिशत जनता मात्रै करको दायरामा रहेको तर हाम्रो जस्तै अरु देशमा ७ प्रतिशतको हाराहारीमा करदाताहरू सहभागी भएकोले राज्यले समान हिसावले प्रतिस्पर्धा गर्ने वातावरण बनाइदिनु पर्ने उहाँको भनाइ थियो ।

वील, वीजक, कम मूल्यांकन, गलत विवरण र विवरण समयमा नबुझाउने जस्ता समस्या बढ्दो रूपमा हुनुले कर प्रशासनको नियमनमाथि प्रश्न चिन्ह खडा भएको बताउनुहुँदै सरकारलाई तिर्नुपर्ने बक्यौता ४८ अर्वभन्दा माथि रहेकोमा त्यो संकलन गर्न कर प्रशासनलाई चुनौति रहेको बताउनुभयो ।

यसैगरी समय सापेक्ष कर कानुनहरूमा सुधार गर्नुपर्ने, विद्युतीय कर प्रणालीको विकास, इ-पेमेन्ट, इ ट्याक्सेसन जस्ता विषयलाई सम्बोध गर्नुपर्ने चुनौति समेत विभागसँग रहेको बताउनुभयो । व्यवसायीको तर्फबाट सक्ने बेलामा कर तिर्ने र नसक्ने बेलामा राज्यले हेर्नु पर्ने सामाजिक सुरक्षाका विषयमा करदाताको आवाज उठ्दै आएकोले राज्यले यसको प्रभावकारी ढंगले व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो । अनौपचारिक रूपमा हामी सबै करदाता हौं भन्नुहुँदै सबैले कर कानुनको परिपालना गरे मुलुक समृद्ध हुने बताउनुभयो ।

त्यसैगरी २०६९/०७० सम्मको अवधिको कर निर्धारण २०७१ असार मसान्तसम्म भै सो उपर करदाताले चित्त नबुझाई अदालत वा अन्य कुनै निकायमा विचाराधीन रहेका कर तथा महसुल निर्धारण सम्बन्धी विषयको सम्बोधन गर्न सरकारले कर फछ्र्यौट आयोग गठन गरेको जानकारी समेत दिनुभयो । उहाँले जो सम्मानित करदाता छ, इमान्दार छ, कही कतै गलत गरेको छैन भने त्यस्ता करदाताको ग्रिन लिष्ट तयार गरी उसको निम्ति निश्चित समयसम्म कर कार्यालयले अनुसन्धान नगर्ने सोचाइमा विभाग रहेको जानकारी दिनुभयो ।

उच्च स्तरीय कर प्रणाली पुनरावलोकन आयोगका अध्यक्ष डा. रूपबहादुर खड्काले संसारभरी कर प्रणालीलाई कसरी लागत घटाउने, संकलनलाई कसरी सहज बनाउने, कर प्रशासनलाई करदाता मैत्री, लगानीमैत्री कसरी बनाउने, नीतिगत, कानुनी, कर प्रणालीको संरचनाको विषय, तथा अन्तर्राष्ट्रिय अभ्यास कस्तो छ त्यस्ता विषय समेतलाई अध्ययन गरेर १५-२० वर्षसम्म पुनरावलोकन गर्न नपर्ने गरी आयोगले सरकारलाई सुझाव दिने जानकारी दिनुभयो ।

नेपालको विद्यमान कर प्रणाली अत्यन्त राम्रो भएको जानकारी दिनुहुँदै मुलुक संघीय प्रणालीमा जाँदा, मुलुकको कर प्रणाली कस्तो हुन्छ भन्ने विषयमा प्रकाश पार्नु भएको थियो । नेपाल सन् २०१६ देखि साफ्टामा प्रवेश गरेपछि करका दरहरू ५ प्रतिशत भन्दा बढी लगाउन नपाइने तथा कच्चा पदार्थहरू शून्य दरमा पैठारी गर्नु पर्ने एकातिर छ भने २०२२ सम्ममा विकाशसिल मुलुकमा प्रवेश गर्नका लागि करमा पुनरावलोकनको आवश्यकता रहेको उहाँले औंल्याउनु भयो ।

कर फछ्र्यौट आयोगका अध्यक्ष श्री लुम्बध्व महतले विद्यमान कर प्रणालीमा सुधारका लागि प्राप्त भएका सुझावहरू कार्यान्वयनबाट व्यवसायीको हित हुने बताउनुभयो । सरकारले विवादित कर संकलनका लागि कर फछ्र्यौट आयोग गठन गरेको जानकारी दिनुभयो ।

आयोग अन्तर्गत आर्थिक वर्ष २०६९/०७० सम्मको अवधिको कर निर्धारण तथा महसूल निर्धारण २०७१ असार मसान्तसम्म भै सो उपर करदाताले चित्त नबुझाई अदालत वा अन्य कुनै निकायमा विचाराधीन रहेका कर तथा महसूल निर्धारण सम्बन्धी विषय आयोगले हेर्ने बताउनुभयो। आयोग पूर्ण अधिकार प्राप्त भएकाले इमान्दारीपूर्वक निष्पक्ष ढंगले काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

उद्योग वाणिज्य संघ नेपालगञ्जका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठले कर प्रशासनमा व्यवहारिक कठिनाईहरू निकै भएको बताउनुहुँदै राज्यको नीति नियमलाई कसरी सरलीकृत बनाउन सकिन्छ भन्ने तर्फ सोच्नु पर्ने तथा व्यवसायीको सेवा सुविधामा सहज हुनुपर्ने उहाँको भनाइ थियो।

उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगका सदस्य श्री माधव ढकालले मुलुक एकात्मक प्रणालीबाट संघात्मक प्रणालीमा प्रवेश गर्न लागेको अवस्थामा अबको करको संरचना कस्तो हुने भन्ने विषयमा देशव्यापी रूपमा आयोगले सुझावहरू संकलन गरिरहेको बताउनुभयो। कर कानुनमा के कस्ता परिवर्तन आवश्यक छन्, ऐन, कानुन, नीतिगत के समस्या छ भनेर सुझाव संकलन गर्दै आएको बताउनुभयो।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय प्रतिनिधि श्री दिनेश श्रेष्ठले व्यवसायीलाई कानुनी हिसावले कस्तो व्यवधान भएको छ। नीतिगत के सुधारको खाँचो छ सुझाव उपलब्ध गराउन आग्रह गर्नुभयो। करलाई सरल र पारदर्शी बनाउन उद्योग वाणिज्य महासंघले सधैं सकारात्मक भूमिका निर्वाह गर्दै आएको बताउनुहुँदै कुनै सुझाव भए जिल्ला उद्योग वाणिज्य संघ हुँदै केन्द्रमा पठाउन निर्देशन दिनुभयो।

कार्यक्रममा मध्यपश्चिम क्षेत्रका व्यवसायीले मूल्य अभिवृद्धि कर, आयकर, भन्सार कर एवं अन्तःशुल्कमा परिमार्जन गर्न आग्रह गरे। मध्यपश्चिम क्षेत्रका उद्योग वाणिज्य सङ्घका अध्यक्षहरूले रू. २० लाखको थ्रेसहोल्ड बढाएर रू. १ करोडसम्म पुऱ्याउन माग गरेका थिए।

आयोगलाई सुझाव दिँदै नेपाल उद्योग वाणिज्य महासङ्घ मध्यपश्चिम क्षेत्रीय अध्यक्ष श्री पदमबहादुर शाहीले करका धेरै विषयमा उद्यमी व्यवसायीको असमझदारी रहेको बताउनुभयो। 'आयोगले व्यवसायीको माग सम्बोधन हुने गरी कर नीतिमा परिमार्जन गर्नुपर्ने विषयमा सुझाव दिनुपर्ने उहाँको भनाइ थियो। उहाँले पारिवारिक करको दायरा रू. ३ लाखदेखि बढाएर रू. ५ लाख पुऱ्याउनुपर्ने र व्यवसायीका लागि समस्या बनेको घरबहाल कर घरधनीबाट असुल्नुपर्ने बताउनुभयो।

नेपालगञ्ज उद्योग वाणिज्य सङ्घले व्यवसायीसँग छलफल गरी तयार पारेको सुझाव पेश गर्दै प्रवक्ता सञ्जय थापाले विद्यमान कर प्रणालीअन्तर्गत रहेका आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार, शिक्षा सेवा कर, स्वास्थ्य सेवा कर, फर्म दर्ता नवीकरण शुल्कसम्बन्धी बनेका नीतिनियम परिमार्जन गर्न आवश्यक रहेको बताउनुभयो।

कार्यक्रममा सुझाव दिँदै उद्योग वाणिज्य सङ्घका अध्यक्ष एवं पदाधिकारी, व्यवसायीहरूले अहिले आएको वाणिज्य नीतिले धेरै मारमा परेको गुनासो गरे। मध्यपश्चिम क्षेत्रमा पर्ने भारतसँगको सीमा नाकामा रहेको नेपालगञ्ज, बर्दियाको गुलरिया, राजापुर र दाङको कैलावास भन्सार नाकामा कडाइ गर्नुपर्ने उनीहरूको माग थियो। भन्सार नाका कडाइ नहुँदा सीमा जोडिएका नेपाली बजार मारमा परेको व्यवसायीहरूले बताए।

यसैबीच आर्थिक वर्ष २०६९/७० मा करमा उच्चतम सहभागिता जनाउने विभिन्न क्षेत्रका ९ करदातालाई सम्मान समेत गरिएको थियो। आन्तरिक राजस्व कार्यालय नेपालगञ्जले राष्ट्रिय कर दिवस २०७१ को अवसरमा उत्कृष्ट करदाता घोषणा गरेका ९ जनालाई कदरपत्र, दोसल्लाले सम्मान गरेको हो।

# महानिर्देशक शर्माद्वारा कार्यालय भवनको शिलान्यास

काठमाडौं। आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले चैत १३ गते शुक्रवार आन्तरिक राजस्व कार्यालय, नेपालगञ्जको नयाँ बन्न लागेको भवनको शिलान्यास गर्नु भएको छ। महानिर्देशक श्री शर्माले कार्यालय प्रांगणमा आयोजित कार्यक्रममा सुविधा सम्पन्न संरचनामा बन्न लागेको नयाँ भवनबाट कर्मचारी र व्यवसायीले सहज रूपमा सुविधा लिन सक्ने बताउनुभयो। आन्तरिक राजस्व कार्यालयको परिसरमा बन्ने भवन उद्योगी, व्यवसायी, सम्पूर्ण करदाताको भवन भएकोमा बधाई तथा शुभकामना समेत दिनुभयो।



आन्तरिक राजस्व कार्यालय नेपालगञ्जका प्रमुख कर अधिकृत श्री जीवन बास्कोटाले झण्डै १० जिल्लामा प्रशासन गर्दै आएको यस कार्यालय अन्तर्गत करदाता सेवा कार्यालय जुम्ला, सुर्खेतसमेत रहेकोले समयमै भवन निर्माण गरी सेवाग्राहीलाई सुविधा दिने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो।

नागरिक समाजका तर्फबाट श्री नमस्कार साहले भौतिक सुधारदेखि प्रशासनिक सुधारमा तत्कालिन प्रमुख कर अधिकृत चुडामणि शर्माले थाल्नु भएको अभियानलाई झण्डै साँढे पाँच करोडको लगानीमा सम्पन्न हुन लागेको सो भवनले अझै बढी सेवा दिने बताउनु भयो।

उद्योग वाणिज्य महासंघ नेपालगञ्जका अध्यक्ष श्री कृष्णमोहन श्रेष्ठले नयाँ बन्ने भवनबाट हिजोका दिनमा भन्दा सेवा विस्तार हुनेछ, व्यवसायीलाई सेवा सुविधा राम्रो हुनेछ भन्नुहुँदै समयमै सम्पन्न गर्न शुभकामना पनि दिनुभयो। कार्यक्रममा उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगका अध्यक्ष डा. रूपबहादुर खड्का, सदस्यहरू श्री माधव ढकाल, श्री सुदर्शन राज पाण्डे, कर फछ्यौंट आयोगका अध्यक्ष, श्री एलडी महत, श्री उमेश ढकाल, नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि श्री दिनेश श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो।

१ पेजको बांकी...

उहाँको निर्देशन थियो । भुक्तानीमा कर कट्टी नगर्ने र गरेर पनि नबुझाउने होटल, रेस्टुराँ, पार्टी प्यालेस, स्कुल, कलेज, अस्पतालको पहिचान गर्नु पर्ने बताउनुहुँदै करदाताको समस्यालाई सुनिदिन आग्रह समेत गर्नुभयो ।

अर्थ मन्त्रालयका सहसचिव श्री लक्ष्मण अर्यालले करदाता शिक्षाको लागि लक्षित समूह पहिचान गरेर मात्र सञ्चालन गर्न सके उपलब्धि हुने बताउनुहुँदै आन्तरिक राजस्व विभागले सञ्चालन गरेको कल सेन्टरलाई सुविधा सम्पन्न र करदाताका कुनै पनि समस्याको तुरुन्त समाधान गर्ने किसिमले दक्ष जनशक्ति राखेर संञ्चालन गर्न निर्देशन दिनुभयो ।

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले राजस्व सचिव श्री नवराज भण्डारी लगायत अर्थ मन्त्रालयको टिमलाई स्वागत गर्नुहुँदै सफल कार्यकालको लागि सचिव भण्डारीलाई बधाई दिनुभयो । विभागमा आयोजित अन्तर्क्रिया कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्नुहुँदै महानिर्देशक श्री शर्माले हालसम्मको राजस्व संकलनको समीक्षा गर्दै हाल सञ्चालन गरिएका महत्वपूर्ण विषयवस्तुको वारेमा प्रष्ट पार्नु भएको थियो । अनौपचारिक क्षेत्रमा ३५-४० प्रतिशत करदाता करको दायरा भन्दा बाहिर रहेको जानकारी दिनुहुँदै भन्सार लगायतका कार्यालयसँग



कार्यक्रममा उपस्थित कर प्रशासनका कर्मचारीहरु

करदाताको विषयमा सूचना आदान प्रदान गर्न सके कर चुहावट नियन्त्रण हुने उहाँको भनाइ थियो । डिजिटल इकोनोमी बढ्दै गएको सन्दर्भमा यसलाई कसरी दायरामा ल्याउने भन्ने चुनौति विभागसँग रहेको बताउनुभयो ।

सार्वजनिक खर्च कम भएका कारण आर्थिक कारोवार कम हुँदै गएको बताउनुहुँदै फागुनसम्मको राजस्व संकलनको वृद्धिदर १८ प्रतिशत रहेको र कूल लक्ष्यको ९७ प्रतिशत राजस्व संकलन भएको जानकारी दिनुभयो ।

महानिर्देशक श्री शर्माले सहभागितामूलक प्रशासनमा अगाडि बढेको विभाग आन्तरिक रूपमा भएका कमी कमजोरी समीक्षा गरेर तोकिएको लक्ष्य भन्दा माथि जाने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राममणि दुवाडीले अन्त:शुल्कलाग्ने उद्योगहरूमा तालिम विनाका कर्मचारी खटाउन नहुने बताउनुहुँदै चौविसै घण्टा एउटै कर्मचारी खटाउँदा परिणाम सकारात्मक नआउने बताउनुभयो ।

कार्यक्रममा उपस्थित कर्मचारीहरुले आआफ्नो शाखामा भएका काम कारवाहीको संक्षीप्त रुपमा जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशकहरू श्री अर्जुनप्रसाद पोखेल, श्री चन्द्रकला पौडेल, लक्ष्मीप्रसाद यादव, अर्थमन्त्रालयका उपसचिवहरू चण्डीप्रसाद घिमिरे, श्री धनिराम शर्मा लगायतको उपस्थिति रहेको थियो ।

१ पेजको बांकी...

सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ ९७ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ ९८ प्रतिशत र अन्तशुल्क तर्फ ९३ प्रतिशत हो । त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमश: रु. ३१ करोड १५ लाख ९८ हजार र रु. ३८ करोड ४ लाख ६९ हजार संकलन भएको छ । शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ९२ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ११९ प्रतिशत संकलन भएको छ । गत वर्षको तुलनामा आयकर तर्फको वृद्धिदर १६ प्रतिशत, मूल्य अभिवृद्धि कर तर्फको वृद्धिदर १८ प्रतिशत, अन्तशुल्कतर्फ वृद्धिदर १२ प्रतिशत, स्वास्थ्य सेवा कर तर्फको वृद्धिदर ३६ प्रतिशत र शिक्षा सेवा शुल्क तर्फको वृद्धिदर ५ प्रतिशत रहेको जनाइएको छ ।

मासिक समिक्षा कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्माले काठमाडौं उपत्यका भित्रका सवै आन्तरिक राजस्व कार्यालयका प्रमुखहरूलाई निर्देशन दिनु भएको थियो । बक्यौता बाँकी राखेका करदाताहरूलाई नियमित रूपमा कारवाही गर्न निर्देशन दिनुहुँदै २०६९/०७० सम्मको अवधिको कर निर्धारण २०७१ असार मसान्तसम्म भै सो उपर करदाताले चित्त नबुझाई अदालत वा अन्य कुनै निकायमा विचाराधीन रहेका कर तथा महसुल निर्धारण सम्बन्धी विवाद टुंगो लगाउन कर फछ्र्यौट आयोग गठन भएको जानकारी गराइदिन पनि आग्रह गर्नुभयो । महानिर्देशक शर्माले विगतमा नक्कली मूल्य अभिवृद्धि कर विजक प्रकरणमा छनौट भै परीक्षण तथा अनुसन्धान गर्दा नक्कली विजक प्रयोग गरी कर छली गरेको पुष्टि भई कर निर्धारण भएका विषय आयोगको कार्यक्षेत्र अन्तर्गत नपर्ने पनि स्पष्ट पार्नुभयो । समग्र राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि विभागले जस्तो सुकै सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । कार्यालय प्रमुखलाई जिम्मेवार र बस्तुनिष्ठ ढंगले कार्य सम्पादन गर्न निर्देशन दिनुहुँदै चैत्र महिनालाई केन्द्र विन्दूमा राखेर करदाताको कारोवारको प्रकृति, विगतको आय विवरण जस्ता विषयलाई हेरी संकलनमा जोड दिन निर्देशन दिनुभयो । बजार अनुगमन सुस्त भएकाले त्यसलाई निरन्तरता दिन निर्देशन दिनु हुँदै करको दायरामा नआएका करदातालाई दायरामा ल्याउन तथा बील विजक लिने दिने प्रवृत्तिका विषय समेत हेर्न निर्देशन दिनुभयो । कर परीक्षण र अनुसन्धान जस्ता विषयलाई निरन्तरता दिन तथा बेरुजु फछ्र्यौट गर्न कुनै समस्या भए विभागले सहयोग गर्ने बताउनुभयो । आर्थिक वर्ष सकिन ३ महिना मात्रै बाँकी भएकाले अतिरिक्त समयको सदुपयोग गरी लक्ष्य प्राप्त गर्न महानिर्देशक शर्माले निर्देशन दिनुभयो ।

उपमहानिर्देशक श्री राममणि दुवाडीले खेतमा धान नफल्नुमा गोडमेल, मलजल, हेरचाह कम भए जस्तै राजस्व संकलनमा लक्ष्य हासिल गर्नका लागि कर प्रशासनबाट अनुगमन, कर परीक्षण, अनुसन्धान जस्ता विषयलाई तिव्र रूपमा अगाडि बढाउन निर्देशन दिनुभयो ।

त्यसैगरी उपमहानिर्देशक श्री अर्जुनप्रसाद पोखेलले लक्ष्य प्राप्त गर्नका लागि कुन विधि प्रयोग गर्दा हुने भन्ने विषयमा कर प्रशासकहरू योग्य रहेको बताउनुहुँदै कहाँ कहाँ समस्या छन्, ती समस्या विभागमा राख्न निर्देशन दिनुभयो । विभागले पूरा गर्न नसक्ने कुनै नीतिगत समस्या भए आफूहरूले मन्त्रालयमा राख्ने उहाँको भनाइ थियो । कार्य योजना बनाएर अघि बढे विभागले सहयोग गर्ने बताउनुहुँदै साधनस्रोत, जनशक्ति, वाह्य कुनै पनि सहयोग चाहिएको खण्डमा बजेटको संघारमा रहेकाले समस्याहरू राख्न निर्देशन दिनुभयो ।

त्यसैगरी उपमहानिर्देशक श्री चन्द्रकला पौडेलले धेरै जसो लक्ष्य पूरा नहुनुमा व्यवसायिक कार्य क्षमताको अभाव रहेको भन्नुहुँदै कार्यगत लक्ष्य पूरा गर्न व्यवसायिक दक्षता वृद्धि तर्फ लाग्नु पर्ने बताउनुभयो । साथै राजस्व लक्ष्य पूरा गर्न व्यवसायिक कार्य योजना सहित अघि बढ्न र कर परीक्षण तथा अनुसन्धानको गुणात्मक वृद्धिमा जोड दिन सके लक्ष्य हासिल हुने उहाँको भनाइ थियो ।

उपस्थित प्रमुख कर अधिकृतहरूले ब्याज दर घट्दै जानुले ब्याज आय शीर्षकमा असुली न्यून रहेको, सार्वजनिक खर्च कम हुनुले पनि मू.अ.कर असुली न्यून रहेको जस्ता विषयको उठान गरेका थिए ।



अवैध मदिराको कारोवार तथा उपभोग कहिल्यै नगरौं ।

# समष्टिगत आर्थिक परिसूचक (Macro conomics Fundamentals) सम्बन्धी सामान्य ज्ञानहरू

प्रस्तुती: युक्तप्रसाद सुवेदी
शाखा अधिकृत आन्तरिक राजस्व विभाग

१. नेपालमा वार्षिक औषत रोजगारी वृद्धिदर कति रहेको छ ? **- २.९ प्रतिशत**

२. कूल गार्हस्थ उत्पादनमा राजस्वको योगदान कति रहेको छ ? **- १८.५ प्रतिशत**

३. आर्थिक वर्ष २०७०/०७१ मा कूल राजस्वमा आन्तरिक राजस्वको योगदान कति प्रतिशत रहेको थियो ? **- ३९.४ प्रतिशत**

४. आर्थिक वर्ष २०७०/०७१ मा कूल राजस्वमा आयकरको योगदान कति प्रतिशत रहेको थियो ? **- २५ प्रतिशत**

५. आर्थिक वर्ष २०७०/०७१ मा कूल राजस्वमा मूल्य अभिवृद्धि करको योगदान कति प्रतिशत रहेको थियो ? **- ३२ प्रतिशत**

६. आर्थिक वर्ष २०७०/०७१ मा कुल राजस्वमा भन्सार महशुलको योगदान कति प्रतिशत रहेको थियो ? **- २२ प्रतिशत**

७. आर्थिक वर्ष २०७०/०७१ मा कूल राजस्वमा अन्तशुल्कको योगदान कति प्रतिशत रहेको थियो ? **- १५ प्रतिशत**

८. आर्थिक वर्ष २०७०/०७१ मा कूल राजस्वमा शिक्षा सेवा शुल्कको योगदान कति प्रतिशत रहेको थियो ? **- १ प्रतिशत**

९. आर्थिक वर्ष २०७०/०७१ मा कूल राजस्वमा सवारी करको योगदान कति प्रतिशत रहेको थियो ? **- २ प्रतिशत**

१०. आर्थिक वर्ष २०७०/०७१ मा कूल राजस्वमा घरजग्गा रजिष्ट्रेशनको दस्तुरको योगदान कति प्रतिशत रहेको थियो ? **- ३ प्रतिशत**

११. आर्थिक वर्ष २०७०/०७१ मा कूल राजस्वमा कर राजस्वको योगदान कति प्रतिशत रहेको थियो ? **- ८७ प्रतिशत**

१२. आर्थिक वर्ष २०७०/०७१ मा कूल राजस्वमा गैर कर राजस्वको योगदान कति प्रतिशत रहेको थियो ? **- १३ प्रतिशत**

१३. आर्थिक वर्ष २०७०/०७१ मा निर्यात आयात अनुपात रहेको थियो ? **- १७.९**

१४. नेपालको अन्तर्राष्ट्रिय व्यापारमा भारतसँगको निर्भरता कति प्रतिशत रहेको छ ? **- करिव ६६ प्रतिशत**

१५. कहिलेसम्म नेपालको अन्तर्राष्ट्रिय व्यापारमा भारत र चिनसँग मात्र हुन्थ्यो ? **- आर्थिक वर्ष २०२०/०२१ सम्म**

१६. नेपालले कहिलेसम्म भन्सार दर ० देखि ५ प्रतिशतसम्म कायम गर्नुपर्दछ ? **- सन् २०१६ सम्म**

१७. TIFA केसँग सम्वन्धित छ ? **- अमेरिकासँग भएको व्यापारिक तथा लगानी सम्झौता**

१८. TIFA कहिले भएको हो ? **- १५ अप्रिल २०११**

१९. TIFA अनुसार नेपाली तयारी पोशाकले अमेरिकी वजार पाउनको लागि कति प्रतिशत भन्सार तिर्नुपर्दछ ? **- १६ प्रतिशत**

२०. TIFA ले नेपाल र अमेरिकाबीच सन् १९४७ मा भएको कुन सम्झौतालाई खारेज गरेको ? **- द्विपक्षिय आर्थिक तथा व्यापारिक सम्झौता**

२१. हालसम्म नेपालमा विद्युत (जडित क्षमता) कति उत्पादन भएको छ ? **- ७५८ मेघावाट**

२२. विद्युतमा पहुँच प्राप्त जनसंख्या प्रतिशत कति रहेको छ ? **- ६७.३ प्रतिशत**

२३. हाल नेपालको गिनी सूचकांक कति रहेको छ ? **- 0.३२८**

२४. हाल नेपालमा दैनिक कति श्रमशक्ति वैदेशिक रोजगारीमा जाने तथ्यांक रहेको छ ? **- करिव १८००**

२५. चालु वर्षको वजेटमा वैदेशिक अनुदानवाट कति श्रोत जुटाइने अनुमान गरिएको छ ? **- करिव ७३.३९ अर्व**

२६. चालु आ.व.को वजेटमा सावां फिर्ता प्राप्तिबाट कति श्रोत जुटाइने अनुमान गरिएको छ ? **- करिव ७३.३९ अर्व**

# निर्माण व्यवसायीका माग उपर सुनुवाई

काठमाडौं । आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगमार्फत् निर्माण व्यवसायीको समस्या समाधान गर्ने बताउनु भएको छ । नेपाल निर्माण व्यवसायी महासंघले चैत १० गते राजधानीमा आयोजना गरेको छलफल कार्यक्रममा महानिर्देशक श्री शर्माले आफ्ना समस्या आयोगलाई छिटो अवगत गराउन निर्माण व्यवसायीलाई आग्रह गर्नुभयो । ‘पूर्वाधार विकासमा निर्माण व्यवसायीको भूमिका-मौजुदा कर र राजस्वसम्बन्धी समस्या समाधान’ विषयक छलफल कार्यक्रममा



महानिर्देशक शर्माले निर्माण व्यवसायीकै माग अनुसार सरकारले कर फछ्र्यौट आयोग गठन गरिसकेको जानकारी दिनुभयो । उहाँले आयोगको काम, कर्तव्य र अधिकारबारे प्रस्ट पार्नुहुँदै सरकार भयमुक्त कर प्रशासनको निर्माणमा प्रतिबद्ध रहेको जानकारी दिनुभयो । उहाँले व्यवसायीसँग सही विधि, विवेक र व्यवहार प्रदर्शन गरी कार्य सम्पादन गर्न देशभरका कर अधिकृतलाई निर्देशन दिइएको पनि जानकारी दिनुभयो । नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष श्री शरदकुमार गौचनले अझै करको बारेमा केही सरकारी अधिकारी नै अनविज्ञ रहेकाले व्यवसायीले अनावश्यक विभिन्न झमेला बेहोर्नु परिरहेको गुनासो गर्नुभयो । सरकारी इजाजत प्राप्त नगरेका व्यवसायीबाट पनि विकास निर्माणका कामहरू भइरहेको भन्दै उहाँले इजाजत प्राप्त व्यवसायीलाई मात्र पूर्वाधार बनाउने काममा लगाउनुपर्ने बताउनुभयो। महासंघका पूर्वअध्यक्ष एवं मानार्थ सदस्य जिपछिरिङ लामाले अहिले कर प्रणालीमा सुधारको खाँचो भएको बताउनु भएको थियो । महासंघका पूर्वअध्यक्ष एवं सल्लाहकार रमेश शर्माले टेन्डर खरिद गर्नका लागि कर चुक्ता गर्ने एक मात्र क्षेत्र निर्माण व्यवसाय भएको दाबी गर्नुभएको थियो। महासंघका अर्का सल्लाहकार यक्षध्वज कार्कीले सरकार र व्यवसायी सहकार्य गर्दै अघि बढ्नुपर्ने धारणा राख्नुभएको थियो । महासंघका उपाध्यक्ष रुद्र शर्माले व्यावसायीहरु व्यवसायी मैत्री नीतिको पखाईमा रहेको बताउनुभयो । सो कार्यक्रममा महासंघका महासचिव रामशरण देउजाले मुलुकको विकास निर्माणमा व्यवसायीको योगदानबारे प्रष्ट पार्दै व्यवसायीहरूले भोग्दै आएका विविध समस्याबारे सरोकारवाला निकायको ध्यानाकर्षण गराउनु भएको थियो । महासंघका उप महासचिव विष्णु बुढाथोकीले सरकारी निकायसँग हातेमालो गर्दै विकासका गतिविधि अघि बढाउन महासंघ तयार रहेको समेत जानकारी दिनुभयो ।

# ठूला करदाता कार्यालय



### स्थापना

राजस्व प्रशासनलाई व्यवसायिक तथा आधुनिकीकरण गरी कर प्रशासनलाई चुस्त सरल पारदर्शी एवं करदाता मैत्री वनाउदै उच्च गुणस्तरीय करदाता सेवा र प्रभावकारी करदाता शिक्षाका साथै सूचना र ज्ञानमा आधारित विशिष्टीकृत कर परीक्षण तथा अनुसन्धानको माध्यमवाट स्वेच्छिक कर सहभागिता अभिवृद्वि गर्ने उद्देश्यका साथ २०६० साल माघ १ गते यस कार्यालयको स्थापना भएको हो। आन्तरिक राजस्व विभाग अन्तर्गत संकलन हुने कुल कर राजस्वमा यस कार्यालयको योगदान करिब ५० प्रतिशत रहदै आएको छ।

### कार्यक्षेत्र

कारोवारको परिमाण, राजस्व जोखिमको स्तर, उच्च वित्तीय महत्व भएका करदातालाई ठूला करदाता कार्यालयको कार्यक्षेत्र भित्र समेटिएको छ। यस कार्यालयको कार्यक्षेत्र नेपाल भरिका २५ करोड भन्दा बढी बार्षिक कारोवार गर्ने विकास बैंक, वित्तीय संस्था, वीमा, सहकारी, ठेक्का पट्टा तथा मेडिकल कलेज र अन्य करदाताको हकमा रु ४० करोड भन्दा बढी बार्षिक कारोवार गर्ने करदाताहरू पर्दछन ।

### भौतिक तथा मानवीय पूंजी

व्यवसायिक कर प्रशासनको निर्माणमा सहयोग पुऱ्याउन यस कार्यालयबाट सम्पादित काम कारवाहीहरूले विशेष महत्व राख्दछ । कार्य सञ्चालनका लागि हाल कार्यालयको स्वामित्वमा ललितपुर हरिहरभवनमा ४ तले कार्यालय भवन रहेको छ। कार्यालयको स्वीकृत दरवन्दी ६४जना रहेकोमा फाजिल तथा करारमा थप ३२ जना कर्मचारी कार्यरत रहेका छन्। जसमध्ये विभिन्न २० जना फाजिल तथा १२ जना करार अन्तर्गत रहेका छन्। हाल यस कार्यालयले ७ सय ८५ करदातालाई कर सम्बन्धी सेवा प्रवाह गरि रहेको छ । जसको विषयगत रूपमा बर्गीकरण देहाय अनुसार रहेको छ।

| | |
|---|---|
| कुल करदाता संख्या | ७८५ |
| बहुराष्ट्रिय कम्पनी | २५ |
| कृषिजन्य उद्योग | ११२ |
| गैरकृषिजन्य उद्योग | १२१ |
| व्यापार | २५२ |
| सार्वजनिक संस्थान र सेवा | १४८ |
| बैंक, फाइनान्स तथा वीमा कं | १२७ |

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | Income Tax Only | २०१ |
| २. | VAT | ५८४ |

आ.व. २०७०/०७१ मा ६३३ करदाता भएकोमा २०७१/०७२ को लागि १५२ वटा करदाता थप भएका छन् । मूल्य अभिवृद्धि कर तर्फ शत प्रतिशत र आयकरतर्फ वित्तीय विवरण पेश गर्ने कर छुट प्राप्त सस्थाले वाहेक अरु शतप्रतिशत विवरणहरू अनलाइन प्रणालीवाट प्राप्त गर्ने गरेको छ । आ.व. २०७०/७१ मा यस कार्यालयको समग्र कार्य सम्पादन ग्रेडिङ 97.8%(A++) रहेको थियो। यस कार्यालय निम्नानुसारका दूरदृष्टि, प्रमुख लक्ष्य र मूल्य अनुसरण गर्दै आएको छ।

### ➢ दूरदृष्टि (Vision):

- स्वेच्छिक कर सहभागिताको माध्यमबाट राजस्व परिचालनमा वृद्धि गर्ने,
- आधुनिक, सक्षम, प्रभावकारी, पारदर्शी, व्यावसायिक, विशिष्टीकृत तथा करदाता मैत्री कार्यालयको रूपमा विकास गरी करदातालाई उत्कृष्ट सेवा प्रवाह गर्ने,
- राजस्व प्रशासनको क्षेत्रमा नमुना आदर्श कार्यालयको रूपमा स्थापित गर्ने ।

### ➢ प्रमुख लक्ष्य (Mission):


- करदाता मैत्री वातावरण सृजना गरी स्वयंकर निर्धारणको पद्दतीमा पारदर्शिता ल्याउने,
- ईमान्दार, सक्षम, पेशागत स्वच्छता र सदाचार मान्यता भएका अधिकृतमूलक राजस्व प्रशासनको माध्यमवाट प्रभावकारी करदाता शिक्षा तथा उच्च गुणस्तरीय सेवा प्रवाह गर्ने,
- सूचना प्रविधिको अधिकतम प्रयोग गरी पारदर्शी कार्य प्रकृया तथा कार्यमा सरलीकरण गर्ने
- सूचना र ज्ञानमा आधारित कर परीक्षण तथा अनुसन्धानलाई अवलम्वन गरी प्रदर्शनात्मक प्रवर्द्धन गर्ने ।

### ➢ हाम्रा मूल्यहरू (Our Values):

- **व्यावसायिकता** : पेशागत मान्यतामा आधारित कार्यमूलक विशिष्टीकृत सेवा,
- **जिम्मेवारीपना** : कानूनी र कार्यात्मक रूपमा जिम्मेवारी वहन गर्ने,
- **सामूहिक भावना** : कार्यगत विशिष्टीकरण कायम गर्दै करदाताहरूलाई एकीकृत सेवा प्रवाह गर्ने तथा एकरूपता कायम गर्ने,
- **ईमान्दारिता, स्वच्छता र सदाचारिता** : आचरण तथा व्यवहारमा शुद्धता,
- **मित्रता र हार्दिकता** : करदाता मैत्री व्यवहार आत्मसात गर्ने,
- **जवाफदेहिता र पारदर्शिता** : खुलापनको माध्यमबाट करदाता मैत्री र कार्य परिणाम प्रति उत्तरदायित्वको निश्चितता ।

### संगठन संरचना तथा कार्य प्रवाह तालिका:

कार्यालयको संगठनात्मक स्वरूप तथा कार्य




प्रवाह तालिका निम्नानुसार रहेको छ । कार्यालयको प्रमुख कर प्रशासक (रा.प. प्रथम श्रेणी) को नेतृत्वमा शाखा/उपशाखाको आधारमा कार्य विवरण दिइएकोले आफ्नो जिम्मेवारी र कार्य सम्पादन गर्न द्विविधा रहेको छैन ।

## २. कार्यालयको प्रगति समीक्षाः

➢ **बार्षिक बजेट तथा कार्यक्रमः** आ.व. २०७१/०७२ मा यस कार्यालयका लागि चालु खर्च तर्फ रु.५४८३२०००। तथा पूँजीगत तर्फ रु. १९,००,०००। वजेट विनियोजन भएकोमा २०७१ फागुन मसान्तसम्म चालु र पूँजीगत खर्चमा क्रमशः ५५ र ६६ प्रतिशत खर्च भएको छ ।

➢ **अभिलेख व्यवस्थाः** कार्यालयको फाईल व्यवस्थापनलाई कम्प्यूटरकृत गरिएको छ । आन्तरिक सूचना प्रणालीलाई व्यवस्थित गरी फाईल शाखा व्यवस्थित गरिएको छ । पुनरावेदनमा गएका करदाताका फाईलहरूको अभिलेख अलग्गै राखिएको छ ।

➢ **राजस्व लक्ष्य र संकलन :**
यस कार्यालयको लागि चालु आर्थिक वर्षमा प्राप्त राजस्व संकलनको लक्ष्य र सोको फागुन मसान्तसम्मको प्रगति निम्नानुसार रहेको छ ।

| सि.न. | सूचकको नाम | २०७१ फागुनसम्मको | | | गत बर्षको फागुन महिनासम्मको प्रगती | गत आ.ब.को फागुन महिनासम्मको तुलनामा बृद्धि ५ |
|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगती | प्रगती प्रतिशत | | |
| १ | राजस्व असूली | | | | | |
| १.२ | आयकर | २५८७७२६१ | २६७८९८३१ | १०३।५३ | २२३८९२२० | २० |
| १।२ | बहालकर | ६२७९०७ | ३३६३३६ | ५३।५६ | २७३९२१ | २३ |
| १।३ | ब्याजकर | ४०३६८८३ | ३१७५३१२ | ७८।६६ | ३१८१~४९८ | ० |
| १।४ | मू.अ.कर | १३९२५५१९ | १३९६१८७९ | १००।२६ | ११४१३९२२ | २२ |
| १।५ | शिक्षा सेवा | ३५८७२ | २४४१३ | ६८।०६ | २०००१ | २२ |
| १।६ | अन्तःशुल्क | | ३५०२० | ( | ( | ( |
| | जम्मा | ४४५०३४४२ | ४४३२२७९२ | ९९।५९ | ३७२७८५६२ | १९ |

चालु आ. व.को वार्षिक क्षेत्रगत लक्ष्यको विभाजन नमिलेको भए पनि फाल्गुनसम्मको कुल राजस्व संकलन लक्ष्य अनुरूप नै भएको छ । चालु आर्थिक वर्षको अन्त्यसम्ममा लक्षित राजस्व संकलन हुने गरी कार्ययोजना अनुरूप कार्य गरिदै गएकाले बार्षिक राजस्व संकलन लक्ष्य पूरा गर्न सकिने छ ।

आ.व. २०७०/७१ मा राजस्व संकलनमा व्यवसायको प्रकृति अनुसार क्षेत्रगत योगदानको अवस्था निम्नानुसार रहेको छ ।

| सि.नं. | क्षेत्रगत करदाता | करदाता संख्या | संकलित राजस्वमा योगदान % |
|---|---|---|---|
| १. | बैंक र वित्त (Banking and Finance) | ११४ | ३३ |
| २. | वहुराष्ट्रिय (Multinational Companies) | २४ | २६ |
| ३. | संस्थान, सेवा (Public Enterprise and Service) | ११२ | २५ |
| ४. | व्यापार (Trading) | १९४ | ७ |
| ५. | कृषिजन्य उद्योग (Agro) | ८० | ५ |
| ६. | गैह्र कृषि उद्योग (Non-Agro) | १०९ | ४ |
| | जम्मा | ६३३ | १०० |

➢ **विगतको राजस्व संकलनको प्रवृतिः**
विगत आ.व.हरू २०६६/०६७, २०६७/०६८, ०६८/०६९ र २०७०/०७१ को यथार्थ असुलीसँग दाँजेर हेर्दा वृद्धिको अनुपात क्रमशः घट्दो रूपमा छ । यसैगरी आ.व. २०६६/०६७ को असुलीलाई आ.व. २०६७/०६८, सँग तुलना गर्दा ३३ प्रतिशतले वृद्धि भएको छ भने आ.व. ०६८/०६९, २०६९/०७० र २०७०/७१ मा असुलीसँग तुलना गर्दा क्रमशः २२, १६ र १५ प्रतिशतले मात्र वृद्धि भएको देखिन्छ ।

आ.व. २०६६/०६७ को तुलनामा राजस्व संकलन क्रमशः बढदै गएको भएता पनि वृद्धि प्रतिशतको आधारलाई दृष्टिगत गर्दा लक्षित प्रतिशत र दर भन्दा क्रमशः घटी हुँदै गएको देखिएको छ । आ.व.२०६६/०६७ लाई आधार वर्ष मान्दा आ.व.२०६७/०६८, २०६८/०६९, २०६९/०७० र २०७०/७१ मा क्रमशः १२३, १६४, २०० र २२९ प्रतिशतले राजस्व असुलीमा वृद्धि भएको देखिन्छ । चालु आ. व. को फागुन मसान्तसम्मको संकलन गत वर्षको सोही अवधिको तुलनामा १९ प्रतिशतले बृद्धि भई ४४ अर्व ३२ करोड राजस्व शंकलन भएको छ ।

➢ **अन्य कार्यत्मक लक्ष्य प्राप्तिको अवस्थाः** चालु आ. व. का. फागुन मसान्तसम्मको लक्ष्य प्रगतिको अवस्था निम्नानुसार रहेको छ ।

| सि.न. | शाखा | प्रगति प्रतिशत र ग्रेडिङ |
|---|---|---|
| १ | करदाता सेवा शाखा | १०८ % ( A++ ) |
| २ | कर अनुसन्धान शाखा | ५३.३९ % ( C ) |
| ३ | कर परीक्षण शाखा | ७८.३२ % ( A ) |
| ४ | कर संकलन शाखा | ९१.२८ % ( A+ ) |
| ५ | पुनरावेदन शाखा | १०० % (A++ ) |
| | कार्यालयको समग्र कार्य सम्पादन | ८०.४३ % ( A ) |

➢ **वार्षिक कार्ययोजना कार्यान्वयनको समीक्षाः** कार्यात्मक शाखा अनुरूप मासिक रूपमा लक्ष्य निर्धारण गरी कार्य सम्पादन गर्ने गरिएको छ । कार्यालयको कार्यात्मक लक्ष्य तथा राजस्व संकलनलाई समयवद्ध योजना वनाई कार्यसम्पादन गर्ने गरिएको छ ।

➢ **संपादन गरिएका उल्लेख्य कार्यहरूः**

- Paperless Office बनाउन र करदातासँग सकेसम्म कम सम्पर्क गर्ने वातावरण सृजनाका लागि कार्यालय प्रयासरत छ र यसका लागि विद्युतीय संचार माध्यमको अधिकतम प्रयोग गर्ने परिपाटीको थालनी भई सकेको छ ।
- मूल्य अभिवृद्धि कर विवरण विद्युतीय

माध्यमबाटै करदाताले दिने र स्वयं करदाताले सो विवरणको **Verify** गर्ने व्यवस्था मिलाइएको छ।

- अग्रिम कर कट्टी विवरण e-TDS का माध्यमवाट लिने गरेको र सो विवरणको **Verify** कार्यालयबाट गर्दै आई रहेकोमा e-TDS विवरणको स्वयं करदाताबाट Verify गर्न दिने बारे सोचाई भई रहेको छ।
- दाखिला गर्नु पर्ने अनुमानित करको विवरण समेत करदाताले विद्युतीय माध्यमबाटै वुझाउने व्यवस्था विद्यमान रहेको छ।
- विद्युतीय सञ्चार माध्यमबाटै करदाताहरूसँग सूचना आदान-प्रदान गरिएको छ।
- विद्युतीय सञ्चार माध्यमबाट सम्प्रेषण भएको सूचनालाई कानूनी प्रमाणका लागि मान्य गराउन आवश्यक प्रक्रिया अगाडि बढाइने छ।
- करदातालाई सूचना प्रवाह गर्न यस वर्षदेखि SMS प्रणाली लागू गरिएको छ।
- मासिक रूपमा करदातासँग समूहगत तथा भौगोलिक क्षेत्रगत रूपमा स्थानिय तहमा नै गई अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गर्ने गरिएको छ।

### ➢ कार्यालयको दैनिक कार्यसम्पादनमा आईपरेका समस्याहरू:

चालु आ. व. को ८५ अर्ब राजस्व संकलन लक्ष्य अनुरूप पुरा गर्नु निकै नै चुनौति पूर्ण रहेको छ। घट्दो प्रोत्साहन भत्ता र कर्मचारीको गुणात्मक तथा परिमाणात्मक कमीले शाखागत रूपमा कार्य सम्पादन परिसूचक अनुरूप प्रगति हासिल गर्ने कार्य कठिन वन्दै गएको छ। मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(३)को वेरुजु, कार्यालयवाट परीक्षण नभएका फाईलको समेत वेरुजु कायम भएवाट फछ्यौंट गर्न लामो समय लाग्ने अवस्था रहेको छ। त्यसै गरी पुराना वेपत्ता भएका मानिसवाट वक्यौता संकलन गर्न नसकिनु अर्को समस्याको रूपमा रहेको छ। कार्यालयको भौतिक साधन स्रोत पर्याप्त नभएवाट समयानुकूल सेवा प्रवाहलाई आधुनिकीकरण गर्न नसकिएको अवस्था छ। त्यस्तै कार्यालयको उद्देश्य र लक्ष्य अनुरूपको मानव संसाधन योजना र व्यवस्थापन हुन नसक्दा अपेक्षित रूपमा कार्यकुशलता र उत्कृष्टता हासिल गर्न सकिएको छैन।

### ➢ समाधानका लागि गरिएका प्रयास एवं अन्य नविनतम कार्यहरू:

कार्य विशिष्टिकरण गर्न कार्यगत तथा शाखागत रूपमा नियमित स्टाफ वैठक गरी तत्काल देखिएका समस्यालाई समाधान गर्ने पद्धति वसालिएको छ। **Quality Circle** को रूपमा **Audit core group** क्रियाशील रहेको छ। बेरुजु फछ्यौंटको लागि लेखापरीक्षण कै क्रममा प्रमाण पेश गरी फछ्यौंट गराउने तथा प्रमाण संकलन गरी नियमित रूपमा सम्परीक्षणको लागि लेखि पठाउने गरिएको छ। बक्यौता संकलनलाई कार्य योजना वनाई नियमित अनुगमन गरी समयमानै संकलन गर्ने गरिएको छ। विभाग तथा मन्त्रालयमा नियमित मासिक रूपमा हुने समीक्षा वैठकमा भएका छलफल निर्देशन र विभाग मन्त्रालयबाट प्राप्त निर्देशनको अनुशरण गरी समस्याको समाधान गर्ने प्रयासलाई निरन्तरता दिएको छ।

### ➢ आगामी दिनमा गर्नु पर्ने सुधारहरू:

- कार्यालयको भौतिक कार्यावातावरणमा अझ बढी सुधार गरी अनुकूल वनाउने,
- भौतिक साधन स्रोतको पर्याप्त व्यवस्था गर्नुपर्ने,
- निजी क्षेत्रसँग प्रतिस्पर्धी हुन मानव संसाधन व्यवस्थापनमा सरुवा पदस्थापन,
- राजस्व जोखिम र वित्तीय महत्व तालिम लगायतका पक्षमा विश्लेषण गरी सेवा र कर परीक्षणमा गुणात्मक सुधार गर्नुपर्ने, संकलनलाई सूचना प्रविधिमा आवद्धता वढाउँदै लैजाने।

# दुई वर्ष अघिसम्मका सबै कर फछ्र्यौंट हुन्छः महत

काठमाडौं। कर फछ्यौंट आयोगका अध्यक्ष श्री लुम्वध्वज महतले बक्यौताका रूपमा रहेको आर्थिक वर्ष २०६९/७० सम्मको कर आगामी असार मसान्तसम्म फछ्यौंट गरिसक्ने बताउनु भएको छ। उहाँले बक्यौता फछ्यौंटमा सहयोग गर्न निजी क्षेत्रसँग आग्रह समेत गर्नु भएको छ। नेपाल चेम्वर अफ कमर्सको आयोजनामा चैत ११ गते 'कर फछ्यौंट आयोग २०७१ को क्षेत्राधिकार तथा करदाताको दायित्व' विषयक अर्न्तक्रियामा अध्यक्ष महतले




असार मसान्तसम्म सबै बक्यौता सक्ने जानकारी दिनु भयो। अध्यक्ष महतले कर फछ्यौंट आयोगको गठनले सरकारको मात्र नभई स्वस्थ रूपमा व्यवसाय गर्ने व्यवसायीको समेत हित हुने बताउनुभयो। आयोग निष्पक्ष हुने बताउंनुहुँदै प्राप्त निवेदन र क्षेत्राधिकार भित्र बसेर कर फछ्यौंट गरिने जानकारी समेत उहाँले दिनुभयो।

कर फछ्यौंट आयोगका सदस्य श्री उमेश ढकालले कर फछ्यौंट आयोगका क्षेत्राधिकार तथा सीमा बारे जानकारी गराउनुहुँदै उद्यमी व्यवसायीका बास्तविक समस्याहरू समाधान गर्न आयोग क्रियाशिल रहने जानकारी दिनुभयो। नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष श्री राजेशकाजी श्रेष्ठले विभिन्न कारणले समयमै कर फछ्यौंट हुन नसक्दा व्यवसायी एवं राज्य समेतलाई ठूलो घाटा रहेको बताउनुभयो। उहाँले कर फछ्यौंट हुन नसक्नुको कारण पत्ता लगाई सरकारलाई उचित सुझाव पेश गर्न पनि आग्रह गर्नुभयो। अध्यक्ष श्रेष्ठले मूल्य अभिवृद्धि कर लगायत आयकर ऐन, अन्तशुल्क ऐन आदिमा देखिएका व्यवहारिक समस्या तथा नीतिगत अस्पष्टताले कर फछ्यौंटको समस्या देखिएको बताउनुभयो। करिव आठ वर्ष अगाडि गठन गरिएको कर फछ्यौंट आयोगले झण्डै २७ सय निवेदनको सम्बोधन गरेको थियो। यस पटक पनि आयोगले कर फछ्यौंट गर्न बस्तुनिष्ठ आधार तयार गरेकोले समयसीमा भित्रनै निवेदनको उचित सम्बोधन हुनेमा ढुक्क हुन उद्यमी व्यवसायीहरूलाई आयोगको तर्फबाट आव्हान गरिएको थियो।

# करदाता सेवा कार्यालय, महाराजगञ्ज




**स्थापना :**

आन्तरिक राजस्व व्यवस्थापन कार्यलाई समायानुकूल व्यवस्थित र परिमार्जित गर्दै लगि बढ्दो आर्थिक र व्यवसायिक गतिविधिलाई समग्र रूपमा करको दायरा भित्र समाहित गरी स्वयंकर निर्धारणको माध्यमबाट करदाताहरूको सहभागितालाई व्यवस्थित गर्न आन्तरिक राजस्व विभाग मातहत कार्यालयको संरचनामा समायानुकूल परिवर्तन गर्ने अभिप्रायका साथ आ.व. २०६६/०६७ को बजेट वक्तव्यले निर्दिष्ट गरेको राजस्व नीति, उद्देश्य र रणनीति अनुरूप राजस्व प्रशासनलाई सवल, सक्षम र सुदृढ तुल्याई करको दर भन्दा दायरा फराकिलो बनाई राजस्व व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यका लागि अरु सेवा कार्यालय संगै २०६८/०१/१९ गते देखि करदाता सेवा कार्यालय महाराजगञ्जको स्थापना भएको हो। जसको कार्यालय काठमाडौं महानगरपालिका वडा नं. ३ स्थित थिरबम मार्गमा स्थापना गरी निरन्तर सेवारत छ। यस कार्यालयले विगतमा कर संकलन र करदाता सेवा सम्बन्धी काम गरी आएकोमा चालु आर्थिक वर्ष २०७१/०७२ देखि करपरीक्षण र अनुसन्धानमुलक करपरीक्षणको जिम्मेवारी समेत पाएको छ।

**कार्यक्षेत्र**

- यसको कार्य क्षेत्र काठमाडौं महानगरपालिका वडा नं ३, २९ र तात्कालिन सात वटा गाविस (धापासी, टोखा चण्डेश्वरी, टोखा सरस्वती, झोर महांकाल, विष्णु बुढानिलकण्ठ, चपली भद्रकाली, खड्का भद्रकाली) कार्यालयहरू रहेका छन्। यस सेवा कार्यालय अर्न्तगत २०८२५ करदाताले प्रत्यक्ष रूपमा सेवा लिईरहेका छन्। जुन विगत वर्षको तुलनामा १७ प्रतिशतले बृद्धि भएको देखिन्छ।
- हालको व्यवस्था अनुसार रु ५ करोड सम्मको कारोबार सीमा भएका करदाताहरू यस कार्यालको कार्य क्षेत्र भित्र पर्दछन्।

कार्यालयसंग सम्बन्धित अन्य विवरणहरू तल प्रस्तुत गरिएको छ।

**दरबन्दी तथा पदपूर्ति:**

| सि.न. | पदको नाम | स्वीकृत दरबन्दी संख्या | पदपूर्ति | सेवा, समुह, श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रमुख कर अधिकृत | १ | १ | ने.प्र. राजस्व | अस्थायी नरहेको |
| २ | कर अधिकृत | ८ | ८ | ने.प्र. राजस्व | |
| ३ | शाखा अधिकृत | १ | १ | ने.राजस्व | |
| ४ | कम्प्युटर अधिकृत | १ | १ | विविध | |
| ५ | ना.सु | ७ | २ | ने.प्र. राजस्व | |
| ६ | लेखापाल | १ | १ | ने.प्र. लेखा | |
| ७ | कम्प्युटर अपरेटरर डा.ई.सु | ० | १ | विविध | फजिलमा |
| | | | करार | | |
| १ | डा.ई.सु | ५ | ५ | | |
| २ | हलुका सवारी चालक | २ | २ | | |
| ३ | घर वाहाल सर्वेक्षक | ० | ४ | | विभागको पत्रानुसार |
| ४ | कार्यालय सहयोगी | २ | २ | | |
| ५ | कार्यालय सुरक्षा सहयोगी | ० | २ | | |

करदाता सम्बन्धी विवरण

| सि.न. | विवरण | दर्ता संख्या |
|---|---|---|
| १ | आयकर | १९५७९ |
| २ | मू.अ.कर | ५५२१ |
| ३ | अन्तःशुल्क | १२७३ |
| ४ | व्यक्तिगत प्यान | ८४४१ |
| | जम्मा | ३४८१४ |

**वार्षिक बजेट र राजस्व संकलन**

चालु आर्थिक वर्षमा यस कार्यालयको लागि रु. १३७९५०००।- बजेट विनियोजन भएको छ। यसै विनियोजित बजेटको अधिनमा रही यस सेवा कार्यालयले विभिन्न गतिविधि एवं कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। कार्यालयको यस वर्षको राजस्व संकलनको लक्ष्य र सोको प्रगति विश्लेषण गर्दा रु. १२९३५३६०००।- वार्षिक लक्ष्य रहेकोमा फाल्गुन महिनासम्म रु. ८४३९२६०००।- संकलन भई लक्ष्यको तुलनामा ६५ प्रतिशत प्रगति भएको छ। फाल्गुन महिनासम्मको लक्ष्यको तुलनामा ११० प्रतिशत संकलन भएको देखिन्छ। यस हिसाबले यो आ.व.मा शीर्षकगत करमा घरबहाल कर बाहेक अरु कर सहित वार्षिक संकलन लक्ष्य पुग्ने देखिन्छ। राजस्व संकलनको विगत वर्षको प्रवृत्ति देहाय अनुसार रहेको छ।

चार वर्षको राजस्व संकलनको प्रवृत्ति

| आर्थिक वर्ष | २०६८।०६९ | २०६९।०७० | २०७०।०७१ | २०७१।०७२ | कैफियत |
|---|---|---|---|---|---|
| लक्ष्य | १०४७२०९ | १३२६१२१ | १६७९५८५ | १२९३५३६ | आ.व. २०७१/०७२ को फागुन महिना सम्मको संकलन मात्र उल्लेख |
| संकलन | ११००३३९ | १४२८१८७ | १५०२११२ | ८४३९२६ | |

### चार वर्षको संकलन र प्रगति प्रतिशतमा

| आर्थिक वर्ष | २०६८।०६९ | २०६९।०७० | २०७०।०७१ | २०७१।०७२ | कैफियत |
|---|---|---|---|---|---|
| संकलनर प्रगति | १०५ | १०८ | ८९ | ६५ | आ.व. २०७१/०७२ फागुन महिना सम्मको असुलीलाई आधार मानिएको |

### चालु आर्थिक वर्षको विभिन्न राजस्व शिर्षकगत लक्ष्य, असुली र प्रगति प्रतिशतको तुलनात्मक विवरण

| विवरण | वार्षिक | | | फाल्गुन सम्मको | | |
|---|---|---|---|---|---|---|
| | लक्ष्य | संकलन | संकलन प्रतिशत | लक्ष्य | संकलन | संकलन प्रतिशत |
| (A) Income Tax | ३२१३० | २४४२६ | ७६.०२ | ३३४१७८ | ३८८२५४ | ११६.१८ |
| (B) House Rent Tax | १९१४९ | ६२८७ | ३२.८३ | १३०८१८ | ७७१६५ | ५८.९९ |
| (C) Interest | ३७७६ | ३३६ | ८.९० | ३०६८१ | ३६३८६ | ११८.५९ |
| (D) Vat (Internal) | १९२४७ | १२८८४ | ६६.९४ | २२७८९७ | २९३७६६ | १२८.९० |
| (E) Excise (Internal) | १२०२ | १२९ | १०.७३ | ९१८२ | ६६३० | ७२.२१ |
| (F) Health Service | १३ | ११२७ | ८६६९.०९ | २१७९६ | २९३२९ | १३४.५६ |
| (G) Education | ११७४ | ७३३ | ६२.४६ | ९४१३ | १२३९५ | १३१.६८ |
| Total | ७६६९१ | ४५९२३ | ५९.८८ | ७६३९६५ | ८४३९२६ | ११०.४७ |

## सम्पादन गरिएका उल्लेख्य कार्य

- बेरुजु रु. २७१६९२९९।- मध्ये ४९.३० प्रतिशत फछ्यौंट भइसकेको छ भने कार्यगत लक्ष्यको तुलनामा ६९ प्रतिशत फछ्यौंट भइसकेको छ ।
- **Frontline Office df Helpdesk** को व्यवस्था गरी करदातालाई सहयोग गरिएको ।
- चालु आ.व. २०७१/०७२ को फागुनसम्ममा वार्षिक लक्ष्यको ६५ प्रतिशत राजस्व संकलन गरिएको ।
- विगत आ.व. सम्मका बक्यौता लक्ष्यको तुलनामा १०५ प्रतिशत फछ्यौंट गरिएको ।
- करदाता शिक्षालाई करदाताको आधारभूत आवश्यकता मानी कक्षाहरू नियमित संचालन गरिदै आएको ।
- घरबहाल सर्भेक्षकहरू खटाई नियमित दायरा विस्तार र अनुगमनको कार्य गरिएको ।
- राजस्व जोखिमका क्षेत्रमा विशेष रूपमा टोली खटाई चालु वर्ष परीक्षण र स्रोतमा कर कट्टी गरिएको विवरण परीक्षण गर्ने काम गरिएको ।

## अभिलेख व्यवस्था

करदाताको फाईललाई व्यवस्थित रूपमा फाइलिङ गरिएको छ। साथै फाइल नं. तुरुन्त भेटिने गरी **Excel Sheet** मा **Record** राखिने अवस्था विद्यमान छ ।

## कार्यालयको दैनिक कार्यसम्पादनमा आईपरेका समस्याहरू

- आफ्नै भवन तथा जग्गाको अभावमा कार्यालय व्यवस्थापन र संचालनमा समस्या (पार्किङको समस्या)
- **Non-filer** पुराना करदाता सम्पर्क गर्दा सम्पर्क नं. तथा ठेगाना पत्ता नलागेकोले पूर्ण रूपमा **Non-filer** घटाउन नसकिएको अवस्था ।
- विगत वर्षदेखि बक्यौता रहेका करदाताहरूको सही ठेगाना र सम्पर्क नं. नहुँदा बक्यौता फछ्यौंटमा समस्या ।
- करलेखा अभिलेखांकनको बारेमा करदातामा जानकारी नहुनाले कर प्रशासनमा समस्याहरू आइपरेका ।
- भौतिक स्रोत साधनको कमी ।
- नयाँ सफ्टवेयरबाट कार्य सम्पादन गर्दा समय समयमा समस्या आइराख्ने गरेको ।
- कार्यालय अन्तर्गतको करदाता बढी ग्रामिण क्षेत्रका भएकाले कर प्रशासन तथा करनीति सम्बन्धी वैज्ञानिक तथा व्यवस्थित करदाता शिक्षाको अभाव देखिन्छ ।
- अन्तःशुल्क सम्बन्धी रेकर्ड पुरानो सफ्टवेयरमा भएकोले समस्या देखिएको ।
- विभिन्न तहमा अपिल भएका फाइलहरूको अभिलेख अद्यावधिक गरी बक्यौता मिलान/असुलीमा कठीनाई देखिएको

## समाधानका लागि गरिएका प्रयास एवं नविनतम् कार्य

- **PDCR** को माध्यमबाट सम्पर्क सूचना तथा ठेगानाहरू **Update** गर्ने प्रयास भइरहेको ।
- बक्यौता संकलनका लागि संकलन भ्रमण तथा टेलिफोनबाट जानकारी गराई प्राथमिकता साथ कार्य अगाडि बढाएको । सरेका फाइल, बक्यौता र अपिलका लागत आदान प्रदान गर्न आ.रा.का.३ सँग समन्वयको थालनी ।
- हाल **PAN** तथा **VAT** मा दर्ता हुन आउने करदाताको वास्तविक सूचना र ठेगाना उसको परिचय दिने प्रमाणहरू जस्तै **ID, Driving Licence, Phone, Cell Phone, email address** तथा लालपूर्जा आदिबाट वास्तविक करदाता यकिन भएपछि मात्र **PAN** र **VAT** मा दर्ता गर्ने कार्य थालिएको । पत्ता नलागेका करदाताको सम्बन्धमा स्थानीय निकायसँग समन्वय गरी पत्ता लगाउने प्रयास गरिएको । नजिकको फर्मसंग पनि सूचना लिने प्रयास गरिएको ।
- कर प्रशासन, अन्तःशुल्क प्रशासन एवं सम्बन्धी कानूनी प्रावधानका बारेमा करदातालाई टेलिफोनबाटै पनि जानकारी दिने गरिएको ।
- नेपाल निर्माण व्यवसायी संघ, खुद्रा व्यापार संघ, फर्निचर व्यवसायी संघ, राफ्टिङ व्यवसायी संघ लगायतका विभिन्न संघ संस्थासँग समन्वय र अन्तरक्रिया गरी घरबहाल लगायत पान दर्ता सम्बन्धी कार्य अगाडि बढाएको ।
- थप बजार अनुगमन, जोखिम बढी रहेका क्षेत्रका **TDS/CYA** परीक्षण लाई थप जोड दिएको ।

## आगामी दिनमा गर्नुपर्ने सुधार

- कर प्रशासन प्रतिको मनोवैज्ञानिक त्रास हटाउन **Interactive** हुँदै **Proactive** व्यवहार र नीतिहरू आवश्यक छन् ।
- घरबहाल कर यथार्थ रूपमा संकलन गर्न व्यवसायिक प्रयोजन र निजी प्रयोजन छुट्टयाई व्यवसायिक प्रयोजनको हकमा निश्चित मापदण्ड तोक्ने गरी घरबहाल कर ऐन जरुरी छ ।
- **Bank Loan** प्रयोजन र कर प्रयोजनको लागि व्यवहारमा अलग–अलग **Disclosure** तयार गर्न सक्ने हुँदा यसको एकरूपता कायम गर्ने गरी आयकर ऐनमा नै व्यवस्था गरिनुपर्ने ।
- बक्यौता र ल्यल **Filer** को **SMS** बाटै जानकारी दिने व्यवस्था गर्नुपर्ने ।
- **TDS** दाखिला विवरण बुझाउने समय साना करदाताको हकमा ६/६ महिनाको बनाउनु पर्ने ।
- कर छुट तथा सुविधाको बारेमा प्रभाव मूल्याकंन गरेर मात्र छुट सुविधा दिने व्यवस्था गर्नुपर्ने ।
- रु. १०००।- सम्मको बक्यौता पत्ता नलागेमा कार्यालयलाई मिन्हालगत कट्टा गर्ने अधिकार दिनुपर्ने ।

## अन्य निकायहरुसँगको अपेक्षा

- नीतिगत, कार्यगत र व्यवहारात्मक सहयोगात्मक अपेक्षा ।
- सरोकारवाला निकायबीच सूचना आदान प्रदानको लागि भरपर्दो सूचना सहितको **Networking** को प्रबन्ध गर्नु जरुरी छ ।

## अन्य आवश्यक कुरा

- संगठन संरचना धेरै संख्यामा खडा गर्नु भन्दा पनि मौजुदा जनशक्तिलाई उत्प्रेरणा र मनोबल बढाउने उपायहरू अवलम्बन गरी कर प्रशासनलाई सुधार गर्नुपर्ने देखिन्छ ।
- जनशक्ति विकासको कार्यक्रमलाई व्यवहारिक सीप र ज्ञानयुक्त बनाई पूर्ण व्यवसायिक दक्षता तर्फ **HRD Policy** अवलम्बन गरिनुपर्ने ।

# करदाता सेवा कार्यालय चावहिल




## स्थापना

आर्थिक गतिविधिको विकास एवं विस्तार, करदाताको पहुँच र कार्यबोझको अनुपात, कर तिर्न लाग्ने समय तथा लागत आदिलाई मध्यनजर गर्दै आन्तरिक राजस्व बिभाग र मातहत कार्यालयको संरचनामा समायनुकूल परिवर्तन गर्ने अभिप्रायले आर्थिक बर्ष २०६६/०६७ को बजेट वक्तव्यले निर्दिष्ट गरेको राजस्व नीति उद्देश्य तथा रणनीति अनुरूप राजस्व प्रशासनलाई सवल, सक्षम र सुदृढ तुल्याई राजस्व संकलनमा बढोत्तरी ल्याउनका लागी करदातामैत्री व्यवहारको प्रवर्द्धन र कर प्रशासनमा करदाताका सहज पहुँच स्थापना गर्ने अभिप्रायले २०६८/१/१९ मा करदाता सेवा कार्यालय चावहिल स्थापना भएको हो।

## कार्यक्षेत्र

जसको कार्यालय काठमाण्डौं महानगरपालिका वडा नं. ७ स्थित चुच्चेपाटी चावहिलमा कार्यालय स्थापित गरी सोही मितिदेखि निरन्तर सेवा प्रवाह गर्दै आएको छ । यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत काठमाण्डौं महानगरपालिका वडा नं. ६ र ७ साथ साथै गोकर्णेश्वर नगरपालिका, कागेश्वरी मनहरा नगरपालिका, शंकरापुर नगरपलिका साथै बुढानिलकण्ठ नगरपालिकाका केही भागहरू रहेका छन्। यस सेवा कार्यालय अन्तर्गत हाल २९२१५ करदाताले प्रत्यक्ष रूपमा सेवा लिइरहेका छन्। जुन विगत बर्षको तुलनामा १० प्रतिशतले बृद्धि भएको देखिन्छ। कार्यालयको बार्षिक कार्ययोजना र कार्यात्मक लक्ष्य प्राप्तिको अवस्था अनुसार कार्यालयको ग्रेडिङ तेस्रो रहेको छ । कार्यालयसँग सम्बन्धित अन्य विवरणहरू नियमानुसार प्रस्तुत गरिएको छ।

## दरबन्दी तथा पदपूर्तिको अवस्था

| सि.नं. | पदको नाम | स्वीकृत दरबन्दी | पदपूर्ति | सेवा समूह श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रमुख कर अधिकृत | १ | १ | ने.प्र.सेवा, राजस्व समुह, राप द्बितीय श्रेणी | अस्थायी नरहेको |
| २ | कर अधिकृत | ८ | ८ | ने.प्र.सेवा, राजस्व समुह, रा.प. तृतिय श्रेणी | |
| ३ | शाखा अधिकृत | १ | १ | नेपाल प्रशासन सेवा, रा.प.तृतिय श्रेणी | |
| ४ | कम्प्युटर अधिकृत | १ | १ | विविध | |
| ५ | ना.सु | ७ | ७ | ने.प्र.सेवा, राजस्व समुह | |
| ६ | लेखापाल | १ | १ | लेखा | |
| ७ | कार्यालय सहयोगी | ५ | ५ | श्रेणी विहिन | फाजिल |
| करार | | | | | |
| १ | डा.इ.सु | ५ | ५ | | |
| २ | हलुका सवारी चालक | १ | १ | | |
| ३ | स.डा.इ.सु | २ | २ | | |

## बार्षिक बजेट

चालु आर्थिक बर्षमा यस कार्यालयको लागि रु. १,५१,५०,६८१.६०।- बजेट वियोजन भएको छ। यसै विनियोजन बजेटको अधिनमा रही यस सेवा कार्यालयले कर प्रशासन सम्बन्धी विभिन्न गतिविधि एवं कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

## राजस्व संकलनको लक्ष्य र प्रगति

कार्यालयको यस बर्ष राजस्व संकलनको लक्ष्य र सोको प्रगति विश्लेषण गर्दा रु ८२,५१,५०,०००.००।- बार्षिक लक्ष्य रहेकोमा चैत्र महिनासम्म रु ६५,३०,६४,०००.००।- संकलन भई राजस्व लक्ष्यको तुलनामा ८० प्रतिशत प्रगति भएको छ। राजस्व संकलनका बिगत बर्षको प्रवृत्ति देहाय अनुसार रहेको छ।

### बिगत राजस्व संकलनको प्रवृति

| आर्थिक बर्ष | २०६८।०६९ | २०६९।०७० | २०७०।०७१ |
|---|---|---|---|
| लक्ष्य | ६२६२७८ | ७७४५०६ | ८८०११७ |
| संकलन | ६५८८०८ | ७८१९५३ | ९८९४१७ |
| बीगत तीन आर्थिक बर्षको संकलन प्रगति प्रशितमा | १०५ प्रतिशत | १०१ प्रतिशत | ११२ प्रतिशत |

## सम्पादन गरिएका उल्लेख्य कार्यहरू

- बेरुजु फछ्र्यौटमा तदारुकताका साथ लागि परी ५८.६१ प्रतिशत बेरुजु फछ्र्यौट गरिएको
- करदाता शिक्षा तथा कर सम्बन्धी नियमित **Counseling** मार्फत् करदातालाई कर सम्बन्धी शिक्षा नियमित रूपमा दिइदै आएको।
- **Frontline Office** मा करदाता सेवा कक्षको ब्यबस्था गरी करदाताको पहुँच अभिवृद्धि गरिएको ।
- घर बहाल सर्वेक्षण कार्यलाई निरन्तरता दिइएको ।
- कर बक्यौता फछ्र्यौट कार्यलाई थप जोड दिदै आएको सोको लागि संकलन भ्रमणलाई कार्यस्थलमै गई प्रभावकारी बनाईएको ।
- अभिलेख व्यवस्थापनलाई कम्युटरसँग आबद्ध गरी लोकेशन तोक्ने कार्य गरिएको ।
- कर परीक्षण कार्यलाई थप प्रभावकारी तथा व्यवस्थित बनाउने शिलशिलामा कर परीक्षण शाखालाई ब्यबस्थित गर्ने कार्य सम्पन्न गरिएको ।

## कार्यालयको दैनिक कार्य सम्पादनमा आइपरेका समस्याहरू

- आफ्नै भवन तथा जग्गाको अभावमा कार्यालय व्यवस्थापन र सञ्चालनमा समस्या छन्।
- **Non Filer** लाई **Filer** बनाउन पुराना करदाता सम्पर्क नं. तथा ठेगाना पत्ता नलागेकोले अपेक्षित रूपमा **Non Filer** घटाउन नसकिएको अवस्था विद्यमान छ।
- बिगत बर्षदेखि बक्यौता रहेका करदाताहरूको सही ठेगाना र सम्पर्क नं नहुँदा बक्यौता फछ्यौटमा समस्या देखिएको छ।
- करलेखा अभिलेखांकनको बारेमा करदातामा जानकारी नहुनाले कर प्रशासनमा समस्याहरू आइपरेका छन्।


## समाधानका लागि गरिएका प्रयास एवं नविनतम कार्य

- भौतिक पूर्वाधारका लागि विभागसँग समन्वय भईरहेको। जग्गा खरिद गर्ने प्रकृयामा विभाग मन्त्रालयसँग पूर्व सहमति माग गरेको।
- **PDCR** को माध्यमबाट सम्पर्क सूचना तथा ठेगानाहरू **Update** गर्ने प्रयास भइरहेको ।
- बक्यौता संकलनका लागि संकलन भ्रमणलाई प्राथमिकता दिईएको ।
- हाल **PAN** तथा **VAT** मा दर्ता हुन आउने करदाताको वास्तविक सूचना र ठेगाना उसको परिचय दिने प्रमाणहरू जस्तै **ID, Driving License, Phone, Cell Phone Email Address** तथा लालपूर्जा आदिबाट वास्तविक करदाता यकिन भएपाछि मात्र **PAN** र **Vat** मा दर्ता गर्ने कार्य थालिएको।
- विगतमा कारोवार गरेका तर वेपत्ता भइ पत्ता नलागेका करदाताको सम्बन्धमा स्थानीय निकायसँग समन्वय गरी पत्ता लगाउने प्रयास गरिएको। नजिकको फर्मसँग पनि सूचना लिने प्रयास गरिएको।
- कर प्रशासन, अन्तशुल्क प्रशासन एवं **VAT** सम्बन्धी कानूनी प्रावधानका बारेमा करदातालाई

टेलिफोनबाटै पनि जानकारी दिने गरिएको।

## आगामी दिनमा गर्नुपर्ने सुधार

- कर प्रशासनप्रतिको मनोवैज्ञानिक त्रास हटाउन **Interacive** हुँदै **Proactive** व्यवहार र नीतिहरू आवश्यक छन्।
- घरवहाल कर यथार्थ रूपमा संकलन गर्न व्यवसायिक प्रयोजन र निजी प्रयोजन छुट्टाई व्यवसायिक प्रयोजनको हकमा निश्चित मापदण्ड तोक्ने गरी घरवहाल कर ऐन जरुरी छ।
- **Bank Loan** प्रयोजन र कर प्रयोजनको लागि व्यवहारमा अलग अलग **Disclosure** तयार गर्न सक्ने हुँदा यसको एकरूपता कायम गर्ने गरी आयकर ऐनमा नै व्यवस्था गरिनुपर्ने आवश्यकता छ।
- वक्यौता र **Non-Filer** को **SMS** बाटै जानकारी दिने व्यवस्था गर्नुपर्ने छ।
- **TDS** दाखिला र **TDS** विवरण बुझाउने समय साना करदाताको हकमा ६.६ महिनाको बनाउन उपयुक्त हुनेछ।
- कर छुट तथा सुविधाको बारेमा प्रभाव मूल्यांकन गरेर मात्र छुट सुविधा दिने व्यवस्था गर्नुपर्ने।
- धेरै पुरानो (१० वर्ष अघिका रु ५००० सम्मका बक्यौता भएका करदाताको ठेगाना पत्ता नलागेमा कार्यालयको सिफरिसमा विभागलाई मिन्हा लगत कट्टा गर्ने अधिकार हुन आवश्यक छ।




# नेपाल सरकार

# कर फछ्र्यौट आयोग, २०७१ को सूचना

नेपाल सरकारले कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा ३ बमोजिम कर फछ्र्यौट आयोग, २०७१ गठन गरी सोही ऐनको दफा ५ र ६ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोकेको र आयोगले सोही अनुसार आफ्नो कार्य प्रारम्भ समेत गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **आयोगको काम, कर्तव्य र अधिकार** :

(क) हाल कार्यान्वयनमा रहेका आयकर ऐन २०५८, मूल्य अभिवृद्धि कर ऐन २०५२, अन्तःशुल्क ऐन २०५८, मदिरा ऐन २०३१, भन्सार ऐन २०६४ तथा यी ऐनभन्दा अगाडि प्रचलनमा रहेका तत् तत् कर कानूनहरु अनुसार आर्थिक वर्ष २०६९/०७० सम्मको अवधिको कर निर्धारण तथा महसूल निर्धारण २०७१ असार मसान्तसम्म भै सो उपर करदाताले चित्त नबुझाई अदालत वा अन्य कुनै निकायमा विचाराधीन रहेका कर तथा महसूल निर्धारण सम्बन्धी विषय,

(ख) विभिन्न आर्थिक ऐन तथा अध्यादेशमा गरिएका व्यवस्था अनुसार संकलन गरिने शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा कर कार्यान्वयनका क्रममा कर प्रशासनबाट आर्थिक वर्ष २०६९/०७० सम्मको अवधिको २०७१ असार मसान्तसम्म निर्धारित शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा कर उपर करदाताले चित्त नबुझाई अदालत वा अन्य कुनै निकायमा विचाराधीन रहेका विषय,

(ग) करदाताबाट एउटा राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने राजस्व रकम भूलवस अर्को राजस्व शीर्षकमा दाखिला हुन गई कायम भएको बक्यौता सम्बन्धी विषय,

(घ) आन्तरिक राजस्व विभाग तथा भन्सार विभागले प्रशासन गर्ने कर सम्बन्धी ऐन नियम अनुसार संकलन गर्नुपर्ने कर तथा महसूल संकलन नभै आर्थिक वर्ष २०६९/०७० सम्मको अवधिको राजस्व बक्यौता सम्बन्धी विषय । तर, विगतमा नक्कली मूल्य अभिवृद्धि कर विजक प्रकरणमा छनौट भै परीक्षण तथा अनुसन्धान गर्दा नक्कली विजक प्रयोग गरी कर छली गरेको पुष्टि भई कर निर्धारण भएका विषय आयोगको कार्यक्षेत्र अन्तर्गत नपर्ने ।

२. उपरोक्त बमोजिम कर फछ्र्यौटका लागि आयोग समक्ष निवेदन दिन चाहने करदाताहरुद्वारा आयोगको कार्यालय वा सम्बन्धित ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालय मार्फत निवेदन दिन सकिनेछ । निवेदनको ढाँचा माथि उल्लेखित कार्यालय तथा आन्तरिक राजस्व विभागको Website: http://www.ird.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

३. आयोगको कार्यालय आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा स्थापना गरिएको छ ।

४. आयोगको कार्य अवधि २०७२ असार मसान्तसम्म रहने छ ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
चुडामणि शर्मा

**संयोजन**
दीपक अधिकारी

**सल्लाहकार**
राममणि दुवाडी
अर्जुनप्रसाद पोखरेल
चन्द्रकला पौडेल
लक्ष्मीप्रसाद यादव

**सम्पादन समूह**
सम्झना बराल
लालबहादुर खत्री
शिवलाल तिवारी
प्रकाश शर्मा ढकाल
युक्तप्रसाद सुवेदी